संसदमा निराशा व्याप्त हुँदा नागरिकमा आशा... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २५ • अंक २९७ • २०८० साल चैत्र ११ गते आइतबार (24 March, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## 'मधेश प्रदेशमा नि:शुल्क ब्लड'

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले नि:शुल्क ब्लड बैंक सञ्चालनमा ल्याउने भएको छ ।

नवनियुक्त मन्त्री सत्रुधन सिंह कोइरीले पदभार ग्रहण गर्दै मधेश प्रदेश सरकारले ब्लड बैंक सञ्चालनमा ल्याउने घोषणा गरेका छन् ।

प्रदेशका आठ वटै जिल्लामा ब्लड बैंक सञ्चालन सम्वन्धी उपकरणहरु जडान गरि सकेका छन् तर, बैंक भने सञ्चालनमा आउन सकेको थिएन् ।

यस भन्दा पहिला रेडक्रस सोसाइटीले मात्रै ब्लड बैंक सञ्चालन गर्दै आएको थियो । तर, सधैभरि रेडक्रसमा ब्लडको समस्या रहेका कारण प्रदेश सरकारले ब्लड बैंक आफै सञ्चालन गर्न प्रदेशका आठ वटै जिल्लामा उपकरणहरु जडान गरि सकेका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद यादवले छिट्टै ब्लड बैंक सञ्चालन हुने जानकारी दिए । उनले ब्लड बैंक सञ्चालन भएपछि यहाँका विरामीहरुलाई रगतको अभाव नहुने समेत बताए ।

### मधेश प्रदेश सरकार पुनर्गठन

# एमालेबाट राज्यमन्त्री सहित ४ थपिए, पार्टीमा असन्तुष्टि

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकार शनिवार पुनर्गठन भएको छ । मुख्यमन्त्री सरोज कुमार यादवले सरकारमा एमालेबाट तीन जना मन्त्री र एकजना राज्यमन्त्रीलाई थप गरेका छन् ।

पुनर्गठन भएको मन्त्रिपरिषद्मा एमालेका सभासदहरु राजकुमार लेखी गृह, सञ्चार तथा कानुन मन्त्री, सत्रुधन सिंह कोइरी स्वास्थ्य तथा जनसंख्या मन्त्री र प्रमोद कुमार जयसवाल शिक्षा तथा संस्कृति मन्त्रीको जिम्मेवारी पाएका छन् ।

थपिएका तीनै जना मन्त्रीलाई प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले सपथग्रहण गराएकी छन् । सपथग्रहण समारोहमा मुख्यमन्त्री सरोज कुमार यादव र सभामुख रामचन्द्र मण्डल पनि उपस्थित थिए ।

एमालेको कोटाबाट केशव राय राज्यमन्त्रीको सपथ लिएका छन् । उनी स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा राज्यमन्त्रीको जिम्मेवारी पाएका छन् ।

एमालेको कोटामा पेका भौतिक पूर्वाधार विकास मन्त्रालय, गृह, सञ्चार तथा कानुन मन्त्रालय, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय संसदीय दलका नेता सरोज यादवले सम्हालेका थिए । मन्त्रिपरिषद् पुनर्गठन भएसँगै यादव भौतिक पूर्वाधार विकास मन्त्रालयको जिम्मेवारी पाएका छन् । उनले भौतिक पूर्वाधार विकास मन्त्रीको रुपमा नै सपथग्रहण गेरका थिए ।

शिक्षा तथा संस्कृति मन्त्री बनेका प्रमोद जयसवाल पर्सा जिल्लाबाट स्वतन्त्र रुपमा निर्वाचित भएका छन् । उनी औपचारिक रुपमा एमालेमा प्रवेश नगर्दै मन्त्री बनेका छन् । एमालेका नेताहरुले पार्टी अध्यक्ष केपी शर्मा ओलीबाट उनी माला टिका लगाएर पार्टीमा प्रवेश गर्ने बताएका छन् ।



जनता समाजवादी पार्टी(जसपा) निकट रहेका जयसवालले मन्त्री पद नपाएपछि एमालेबाट मन्त्री बनेका छन् । एमालेमा जयसवालको प्रवेशसँगै प्रदेश सभामा सभासदको संख्या २५ पुगेको छ ।

आकस्मिक रुपमा मन्त्रिपरिषद्को पुनर्गठन गरिएको बताइएको छ । एमालेमा संसदीय दलका नेता समेत रहेका सरोज कुमार यादवविरुद्ध षडयन्त्र सुरु भए लगतै आकस्मिक रुपमा मन्त्रिपरिषद् पुनर्गठन गरिएको छ ।

यादवविरुद्ध प्रदेश सभाका १४ जना सभासद काठमाण्डु पुगेर पार्टी अध्यक्ष ओली समक्ष दलको नेताबाट हटाउन माग गर्ने तयारी गरेको स्रोतहरुले जनाएका छन् । मन्त्रिपरिषद् पुनर्गठन गरी यादवले आफ्नो पक्षलाई सशक्त बनाएको बताइएको छ । अब दलको नेता समेत रहेका भौतिक पूर्वाधार विकास मन्त्री यादवसित सम्मानजनक बहुमत पुगेको दावी गरिएको छ ।

मन्त्रीहरुको सपथग्रहणमा सभासद हरिनारायण महतो, एमालेका केन्द्रीय सदस्य युवा नेता सञ्जीव झा 'सुरज', जिल्ला अध्यक्ष राजकिशोर यादव, सचिव लक्ष्मीनारायण यादव लगायतका नेता, कार्यकर्ताहरुको सहभागिता रहेको थियो ।

एमालेका सचिव समेत रहेका उपप्रधान एवं भौतिक पूर्वाधार तथा यातायात मन्त्री रघुवीर महासेठ जनकपुरधाममा आयोजित बिभिन्न कार्यक्रमहरुमा सकृय रहेका बेला मन्त्रीहरुले सपथग्रहण गरिरहेका थिए । सपथग्रहण समारोहमा उपप्रम निकटका नेता कार्यकर्ताहरुको सहभागिता रहेको थिएन् । उपप्रधानमन्त्री महासेठ शनिवार नै राजधानी फर्केका छन् ।

मधेश प्रदेशमा एमाले भित्रको विवाद चुलिएको छ । नेता महासेठले शारदा थापाको नेतृत्वमा पार्टीलाई सरकारमा पठाउन चाहेको स्रोतहरुले जनाएका छन् । स्रोतहरुका अनुसा सरकारमा धनुषाबाट लखन दास, सप्तरीबाट लेखी र सिरहाबाट कोइरीलाई सरकारमा पठाएर सन्तुलन मिलाउने नेता महासेठको तयारी रहेको स्रोतहरुले जनाएका छन् ।

त्यस मध्ये लेखी र कोइरी प्रदेश सरकारमा मन्त्री बनेका छन् । यादव, लेखी र कोइरी सरकारमा दोहरिएका छन् । यस अघि लेखी स्वास्थ्य तथा जनसंख्या र कोइरी गृह, सञ्चार तथा कानुन मन्त्री रहेका थिए । यादव भौतिक पूर्वाधार विकास मन्त्रालयकै जिम्मेवारी पाएका छन् ।

सरकारबाट कांग्रेस बाहिरिएपछि रिक्त भएका मन्त्रालयहरुका अतिरिक्त शिक्षा तथा संस्कृति मन्त्रालय पनि एमालेले पाएको छ । सरकार गठनको बेला एमालेलाई तीन मन्त्रालय दिएको थियो ।

मधेश प्रदेशमा मुख्यमन्त्री यादवसँग अब श्रम तथा यातायात मन्त्रालय मात्र बाँकी रहेको छ । त्यो मन्त्रालय माओवादीले लिने संभावना रहेको छ । तर माओवादीबाट सरकारमा सुनिता यादव पर्यटन, उद्योग तथा वाणिज्य मन्त्री रहेकी छन् ।अर्को मन्त्रीको विषयमा पार्टीले निर्णय गरिसकेको छैन् ।संसदीय दलका नेता भरत साह सरकारमा जान इच्छुक रहे पनि शीर्ष नेताले सहमति जनाइसकेका छैनन् ।

### पूनर्गठित मन्त्रिमण्डल

| | | |
|---|---|---|
| सरोज कुमार यादव | मुख्यमन्त्री | मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय<br>श्रम तथा यातायात मन्त्रालय |
| सरोज कुमार यादव | मन्त्री | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| सञ्जय कुमार यादव | मन्त्री | अर्थ मन्त्रालय |
| गोविन्दबहादुर न्यौपाने | मन्त्री | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |
| सुरिता कुमारी साह | मन्त्री | खेलकुद तथा समाज कल्याण मन्त्रालय |
| राज कुमार लेखी | मन्त्री | गृह, सञ्चार तथा कानून मन्त्रालय |
| सिंगासन सा कलवार | मन्त्री | उर्जा, सिंचाई तथा खानेपानी मन्त्रालय |
| शत्रुधन सिंह | मन्त्री | स्वास्थय तथा जनसंख्या मन्त्रालय |
| रमेश प्रसाद कुर्मी | मन्त्री | वन तथा वातावरण मन्त्रालय |
| सुनिता यादव | मन्त्री | उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय |
| प्रमोद कुमार जैयसवाल | मन्त्री | शिक्षा तथा संस्कृति मन्त्रालय |
| शेख अब्दुल कलाम आजाद | राज्यमन्त्री | सिंचाई तथा खानेपानी मन्त्रालय |
| रहबर अन्सारी | राज्यमन्त्री | उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय |
| केशव राय | राज्यमन्त्री | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय |







जनकपुर टुडे



# ढल्केवरमा पूर्वपश्चिम राजमार्गमा चक्काजाम

**टुडे समाचारदाता**

जनकपुरधाम । क्रसर माफियाबाट मारिएका पर्यावरण अभियन्ता ओमप्रकाश महतो ‘दिलिप’लाई पर्यावरण शहीद घोषणा गर्नुपर्ने माग गर्दै पूर्वपश्चिम राजमार्गमा चक्काजाम गरेको छ।



धनुषाको ढल्केवरमा शनिबार पीडित परिवार र स्थानीयवासीहरुले राजमार्ग अवरुद्ध गर्दै प्रदर्शन गरेका छन् ।

दिलिपलाई पर्यावरण शहिद घोषणा गर्नुपर्ने माग गर्दै राजमार्ग अवरुद्ध गरेर उनीहरुले प्रदर्शन गरेका छन् । प्रदर्शनकारीहरुले करिब आधा घण्टा पूर्वपश्चिम लोकमार्ग अवरुद्ध गरेका थिए ।

दिलिप महतोलाई शहीद घोषणा गर्नुपर्ने माग गर्दै उनको परिवार केहीदिन अघिमात्रै काठमाण्डु पुगेर उपप्रधान तथा गृहमन्त्री रवि लामिछानेलाई ज्ञापनपत्र बुझाएका थिए । उनीहरुले ज्ञापनपत्र बुझाउँदै शहीद घोषणाको मागसँगै पुनः अनुसन्धान गर्नका लागि समेत माग राखेका छन् ।

दिलिपलाई पर्यावरण शहीद घोषणा गर्न र पीडित परिवारलाई क्षतिपूर्ती उपलब्ध गराउन आम जनता पार्टीका अध्यक्ष प्रभु साहले संसदमा समेत आवाज उठाएका छन् । पूर्वराष्ट्रपति रामवरण यादवले पनि दिलिपलाई पर्यावरण शहीद घोषणा गर्न सरकारसँग माग आग्रह गर्दै आएको छ ।

२५ पुस २०७६ को भिसमिसे बिहानीमा धनुषाको मिथिला नगरपालिका-५ श्रीपुरका दिलीपलाई क्रसर माफियाहरुले क्रुर हत्या गरेका थिए । क्रसर गुण्डाले दिलिपलाई कोखमा ‘लिभर’ प्रहार गरी सख्त घाइते बनाएर टिपरले किचेर हत्या गरेका थिए । चुरे दोहन रोक्नुपर्ने, अबैध उत्खनन् र क्रसर उद्योग बन्द गर्नुपर्ने उनको चोटिलो आवाज खोला तस्करको तारोमा परेर दिलिपको हत्या गरेको थियो ।

# मध्यमा परिक्रमा जनकपुरधाममा आइपुग्ने



**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिलाको ऐतिहासिक, पौराणिक तथा धार्मिक आस्थाको धरोहरको रूपमा रहेको मिथिला मध्यमा परिक्रमा आज जनकपुरधाम आइपुगेको छ । शनिबार मध्यमा परिक्रमा करुणा, विशौलमा छ। त्यहाँ विश्राम पश्चात आइतबार जनकपुरधाम आइपुग्नेछ।

मिथिला विहारी तथा किशोरीजीको डोलाको नेतृत्वमा नेपाल-भारतको करिब एक सय ३३ किलोमिटरको १४ दिने पदयात्रा सम्पन्न गरी परिक्रमावासीहरु आज जनकपुरधाम आइपुगेका छन् ।

नेपाल-भारतको धार्मिक सांस्कृतिक सेतुको रूपमा रहेको मिथिला माध्यमिक परिक्रमा गर्नाले अनन्त फल प्राप्त हुनुका साथै आफूले इच्छाएको कुरा प्राप्ति हुने, पापबाट मुक्ति पाउने, रोग व्याधि निको हुने र जीवनको अन्त्यमा स्वर्ग प्राप्ति हुने धार्मिक विश्वासको आधारमा सो पदयात्रामा वर्षेनी हजारौं साधु सन्त र गृहस्थ आश्रमका श्रद्धालुभक्तजनहरु सहभागी हुँदै आएका छन् ।

जनकपुरधामको अन्तरगृह परिक्रमासँगै यो ऐतिहासिक पञ्चकोशी अन्तःगृह परिक्रमा विधिवतरुपमा सोमबार समापन हुनेछ । भने मधेश प्रदेश सरकारले सोमबार र मंगलबार होली पर्वको सार्वजनिक विदा दिएको छ ।

# ‘नागरिकको सुरक्षा प्राथमिकतामा’

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा (एमाले) को तर्फबाट मधेश प्रदेश सरकारमा गृह, सञ्चार तथा कानुनमन्त्री बनेका राजकुमार लेखीले सरकारले नागरिकको सुरक्षालाई पहिलो प्राथमिकतामा राखेर काम गर्ने बताएका छन् ।

पद तथा गोपनीयताको सपथलगत्तै शनिबार पदभार ग्रहण गर्नेक्रममा उनले सो कुरा बताएका छन् । उनले नागरिकको सुरक्षा, सूचनाको हक, सञ्चार क्षेत्रमा रहेका समस्याको समाधान गरी कानुन निर्माणमा आफूले काम गर्ने प्रतिवद्धता जनाए ।

सञ्चार क्षेत्रमा देखिएका विभिन्न खालका समस्याको समाधानका लागि आफू प्रतिबद्ध रहेको भन्दै मन्त्रालयले पत्रकारमैत्री भएर काम गर्ने उनले बताए । मधेश प्रदेशमा बाढी पहिरो, शितलहरजस्ता दैवीप्रकोपको उच्चजोखिम रहेको भन्दै दैवीप्रकोपबाट हुनसक्ने क्षति हुन नदिन प्रदेश सरकारले पूर्वतयारी थाल्ने बताए ।

मन्त्री लेखीलाई मधेश प्रदेश सरकारमा गृह, सञ्चार तथा कानुन मन्त्रालयका निमित्त सचिव उत्तम खरेलले मन्त्रालयमा स्वागत गरे ।

पदभार ग्रहण गर्दै मन्त्री लेखीले मधेश प्रदेशमा सूचनाको हकको पूर्ण कार्यान्वयन गराउने निर्णय गरेका छन् ।

# तारपोलको व्यवस्थापन गर्न माग गर्दै प्राधिकरणमा ज्ञापन पत्र




**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिका-८ का स्थानीयले वडाभित्रका विभिन्न स्थानमा तारपोलको व्यवस्थापन गरिदिन माग गर्दै प्राधिकरणमा ज्ञापन पत्र बुझाएका छन् ।

वडाध्यक्ष प्रज्वल ढुंगानाको नेतृत्वमा प्राधिकरणको लालबन्दी वितरण केन्द्रमा ज्ञापन पत्र लिएर पुगेका स्थानीयले वडा नं. ८ अन्तर्गतका कतिपय गाउँ बस्तीहरुमा हालसम्म तारपोलको आवश्यकता रहेको तथा कतिपय टोलमा काठको पोलबाट विद्युतीकरण भई जोखिम रहेकोबारे ध्यानाकर्षण गराएका छन् ।

वितरण केन्द्रका प्रमुख त्रिभुवन यादवलाई ज्ञापन पत्र बुझाउँदै उनीहरुले उक्त गाउँ बस्तीमा तत्काल तारपोलको व्यवस्था मिलाउन माग गरेका छन् ।

हरिवन ८ को वडा कार्यालयबाट २०७९ असार ५ गतेको सिफारिस पत्रसहित प्राधिकरणको लालबन्दी वितरण केन्द्रलाई पटक-पटक मौखिक रुपमा ताकेदा गर्दा पनि तारपोलको व्यवस्थापनमा चासो नदिएको गुनासो गरिएको छ ।

स्थानीयले तारपोलको व्यवस्थापन हुन आवश्यक रहेको गाउँ, बस्तीको नामावलीसहित बुझाएको ज्ञापन पत्रमा प्राधिकरणबाट कुनै सुनुवाई नभएको खण्डमा थप दबाबमूलक कार्यक्रम गर्न बाध्य हुने उल्लेख गरिएको छ ।

# समाज परिवर्तनका लागि सरकारको ध्यान केन्द्रित हुनुपर्ने शर्माको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु ।नेकपा माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले मुलुकलाई विकासोन्मुख बनाउन शिक्ष,स्वास्थ्य र रोजगारी क्षेत्रमा सुधार ल्याउनुपर्ने जरुरी रहेको बताएका छन् ।

पार्टी कार्यकर्ता प्रशिक्षण तथा ‘दिलकाजी-ठूलकुमार स्मृति प्रतिष्ठान’को भवन उद्घाटनका लागि खोटाङ पुगेका नेता शर्माले समाज परिवर्तनका लागि देशका तीनवटै सरकारको ध्यान केन्द्रित हुनुपर्नेमा जोड दिएका हुन् ।

उनले देशमा राजनीतिक अस्थिरता रहेको अवस्थामा राजनीतिक अस्थितरताले जनतामा निराशा छाएको बताउदै यसलाई निराकरण गर्न राष्ट्रिय सहमति आवश्वक रहेको बताए । उनले राजनीतिक दलहरूले एजेण्डामा सहमति गर्नुपर्ने बताउदै राजनीतिक दलले सहमति नगरी देशले निकास नपाउने बताए ।

देशमा पछिल्लो समय नेताको लहडमा विकास गर्ने प्रवृत्ति मौलाएको प्रति इङ्गित गर्दै उनले विकासको मोडालिटी परिवर्तन गर्न आवश्यक रहेको पनि बताए । “नेताहरूले केलाई प्राथमिकीकरण गर्ने हो त्यो स्पष्ट हुनुपर्यो । पार्टीका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले नेतृत्व गर्नुभएको सरकार भ्रष्टाचार नियन्त्रण अभियानमा छ । योसँगै परराष्ट्र नीतिलाई समेत सन्तुलित बनाउनुपर्यो”, उनले भने, “सन्तुलित परराष्ट्र नीति भएमा मात्र देशले केही निकास पाउँछ ।”

नेता शर्माले देशमा प्राप्त उपलब्धि समाप्त पार्ने खतरा रहेको पनि बताए । “संविधान, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्म निरपेक्षता, समानुपातिक समावेशिताजस्ता उपलब्धि माओवादीको दशवर्षे जनयुद्धको बलमा स्थापना गरिएको हो । यसलाई समाप्त पार्न केही शक्ति लागिपरेका छन् । यो खतराको विषय हो”, उनले भने, “यसलाई संरक्षण गर्दै कार्यान्वयन गर्न सबै जागरुक हुन आवश्यक छ । जनतामा छिटो परिणाम चाहिएको छ । परिणाम खोज्ने चाहनामा प्राप्त उपलब्धि गुम्ने खतरा छ । यसलाई सांस्कृतिक रुपान्तरण अभियानका रूपमा जनतालाई सुसूचित गर्न आवश्यक छ ।”

नेता शर्माले जनप्रतिनिधिले सामाजिक न्याय, न्याय सम्पादन, निष्पक्षता र जनमुखी काम गर्नुपर्नेमा जोड दिएका छन् । दिक्तेलस्थित भवनगैरामा निर्माण गरिएको प्रतिष्ठानको भवन उद्घाटन गर्दै नेता शर्माले सहिदहरूको सपना पूरा गर्न हरेक नेतृत्वले पहलकदमी लिनुपर्ने बताए ।

उनले प्रतिष्ठानको भवनसँगै सोही भवनमा स्थापना गरिएको पुस्तकालयसमेत उद्घाटन गरे । प्रतिष्ठानको छ आना जग्गामा निर्माण गरिएको चारतले पक्की भवनमा नेकपा (माओवादी केन्द्र) जिल्ला समन्वय समिति खोटाङको कार्यालयसमेत राखिएको छ ।

भवन निर्माणका लागि कोशी प्रदेश सरकारले आर्थिक वर्ष २०७५/७६ मा रु २० लाख, आव २०७६/७७ मा रु एक करोड २० लाख, आव २०७८/७९ मा रु १० लाख गरी रु एक करोड ५० लाखमा बजेट बिनियोजन गरेको थियो ।

प्रतिष्ठानका अध्यक्ष सुरश राईले भवनका लागि आव २०८९/८० मा कोशी प्रदेश सरकारबाट प्राप्त रु ७५ लाख र दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाबाट आव २०७९/८० मा रु १० लाख प्राप्त भएको बताउनुभयो ।

प्रदेशबाट प्राप्त रु ७५ लाखबाट वृत्तचित्र निर्माण, दुईवटा ल्यापटप, एउटा क्यामेरा र एक प्रोजेक्टर खरिद गरिएको प्रतिष्ठानले जनाएको छ । सोही रकमबाट भवनको माथिल्लो तलामा ट्रस निर्माण, कुर्सी र टेबल खरिद, भवन कलरिङ, रु तीन लाखको पुस्तक, रु दुई ५० हजार पुस्तक छपाइमा खर्च भएको थियो र साथै द्वन्द्वपीडितको सामाजिक, आर्थिक अवस्था सर्वेक्षण तथा प्रतिष्ठानको वेबसाइट निर्माण पनि सोही रकमबाट गरिएको थियो ।

# बचत गर्न अभिप्रेरित गर्दै ग्लोबल मनि सप्ताह




**टुडे समाचारदाता**

जनकपुरधाम । डिप्रोक्स लघुवित्त वित्तीय संस्था लिमिटेड मनि सप्ताह-२०२४ को अवसरमा बालबालिका तथा युवालाई लक्षित गर्दै कार्यक्रम समापन हुँदैछ ।

जनचेतनासहित विभिन्न विद्यालयहरुमा विद्यार्थीहरुले पनि वित्तीय साक्षरतासम्बन्धी जानकारी हुनुपर्ने भन्दै सो कार्यक्रम गरिएको कर्मचारी ज्ञान कर्णले जानकारी दिए ।

ग्लोबल मनि सप्ताह अन्तर्गत विद्यालयहरुमा विशेषतः यी कार्यक्रमहरु स्कुलको बालबच्चाहरुमा बचतको बानी बसाउनका लागि, न्यूनतम खर्च गरी बचत गर्नुपर्ने बारेमा समेत विस्तृतरुपमा जानकारी गराइएको लिमिटेडले जनाएको छ ।

यस कार्यक्रमको मुख्य उद्देश्यले बालबालिका र युवाहरुलाई लक्षित गर्दै वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्तिको विकास गर्ने उद्देश्यका साथ ग्लोबल मनि सप्ताह कार्यक्रमको मुख्य उद्देश्य रकम बचाउनुपर्ने र भविष्य सुरक्षित गर्नका लागि न्यूनतम रकम खर्च गर्न तथा बचन वृद्धि बारे जानकारी गराइएको थियो ।

सो कार्यक्रममा महोत्तरीको बलवा सरपल्लो स्थित श्रीयोग कुमार माध्यमिक विद्यालयका प्रधानाध्यापक निरिपेन्द्र कर्ण, शाखा प्रमुख सुरज कर्ण र विद्यार्थीहरुको उलेख्य सहभागिता रहेको थियो । सो कार्यक्रममा ८३ वटा संस्थाहरुको सहभागिता रहेको थियो ।

सन् २०१२ देखि बालबालिका र युवाहरुमा वित्तीय साक्षरता अभिवृद्धि गर्दै वित्तीय ज्ञान, सीप र मनोवृत्तिको विकास गर्ने उद्देश्यका साथ गरिएको छ ।

ग्लोबल मनि सप्ताहको अवसरमा सो कम्पनीले जनकपुरधामलगायत विभिन्न स्थानमा चैत ११ गतेसम्म वित्तीय साक्षरता अभिवृद्धि कार्यक्रम संचालन कर्मचारी ज्ञान कर्णले बताए ।

# तीन दिन अझै पानी पर्ने पूर्वानुमान

**टुडे समाचारदाता**

काठमाण्डु । मौसम पूर्वानुमान महाशाखाले कोशी प्रदेश, मधेस प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशमा तीन दिनसम्म अझै वर्षाको सम्भावाना रहेको जनाएको छ ।

हाल पश्चिमी न्यून चापीय प्रणाली तथा भारतको उत्तरपूर्वआसाम र आसपासका क्षेत्रको न्यून चापीय प्रणाली प्रभावले तीन दिनसम्म पानी पर्ने महाशाखाको पूर्वानुमान छ ।

मौसमविद् गोविन्द झाका अनुसार देशभर आंशिकदेखि साधारणतया बदली रहेको र कोशी, बागमती र गण्डकी प्रदेशको केही स्थानमा तथा मधेस प्रदेशको एक-दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षा भइरहेको छ । “कोशी प्रदेशका केही स्थानमा, मधेस, बागमती र गण्डकी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षाको सम्भावना छ, बागमती प्रदेशको एक-दुई स्थानमा पनि सामान्य वर्षाको सम्भावना रहेको छ”, उनले भने, “कोशी, बागमती र गण्डकी प्रदेशका प्रदेशका उच्च पहाडी तथा हिमाली भागका एक-दुई स्थानमा हल्का हिमपातको सम्भावना रहेकाले त्यस क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा असर पर्ने सम्भावना छ ।”

# कवि बानियाँ र चित्रकार राई पुरस्कृत

खोटाङ । टेम्के-तुवाचुङ प्रतिष्ठान खोटाङले कवि वम बानियाँ र चित्रकार सन्तोष राईलाई ‘टेम्के-तुवाचुङ पुरस्कार’ प्रदान गरेको छ । कवि बानियाँ दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-१४ का बासिन्दा हुनुहुन्छ ।




साहित्यको माध्यमबाट जिल्लालाई पुऱ्याएको योगदानको कदर गर्दै कवि बानियाँलाई तथा खोटाङको कला र संस्कृतिको क्षेत्रमा योगदान पुऱ्याएकमा चित्रकार राईलाई पुरस्कृत गरिएको प्रतिष्ठानका अध्यक्ष भोगेन एक्लेले जानकारी दिनुभयो । प्रतिष्ठानले छैटौं वार्षिकोत्सवको अवसरमा दिक्तेलस्थितमुडेमाआजदुवैजनालाई जनही रु ११ हजार एक सय ११ राशिको पुरस्कार प्रदान गरेको हो ।

कवि बानियाँका ‘जागै छन् शब्दहरु’ र ‘मान्छे जोत्ने शहर’ कविता सङ्ग्रह प्रकाशित छन् । उहाँ राष्ट्रिय बालअधिकार परिषद् नेपालका उपाध्यक्षसमेत हुनुहुन्छ । यस्तै चित्रकार राई निसर्ग बाटिका र पाठशाला नेपाल फाउण्डेशनमा कला प्रशिक्षकका रुपमा कार्यरत हुनुहुन्छ । दुवैजनालाई जिल्ला समन्वय समितिका प्रमुख सनबहादुर राईले ताम्रपत्र र नगद पुरस्कार हस्तान्तरण गर्नुभयो । प्रतिष्ठानले जिल्लाको भाषा, कला, साहित्य, खेलकुदलगायत क्षेत्रमा विशेष योगदान पुऱ्याउने प्रतिभालाई हरेक वर्ष ‘टेम्के तुवाचुङ पुरस्कार’ प्रदान गर्दै आएको अध्यक्ष एक्लेले बताउनुभयो । रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : धन वृद्धि सञ्चय । |
| बृष | : प्रेम प्रसंग, मित्र सुख । |
| मिथुन | : सुख समृद्धि हुने । |
| कर्कट | : भ्रमण अवसर हुने । |
| सिंह | : अवसर प्राप्त । |
| कन्या | : वाद विवादबाट बच्नु । |
| तुला | : पुरस्कार प्राप्त लाभ । |
| वृश्चिक | : नयाँ कार्य हुने । |
| धनु | : बौद्धिक क्षमता । |
| मकर | : प्रतिभा सम्पन्नता । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : पारिवाहिक सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३४३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



हाईब्रिड जातको मकैको घोगामा दाना नलागेपछि खाली घोगा देखाउँदै बागमती नगरपालिका-४, का किसान राम विश्वास महतो । बागमती र बरहथवा नगरपालिका क्षेत्रका धेरै क्षेत्रफलमा लगाइएको हाईब्रिड जातको मकैमा दाना लागेको छैन । *तस्बिर : रासस*

# होली लक्षित तीन हजार सुरक्षाकर्मी तैनाथ

**टुडे समाचारदाता**

काठमाण्डु । होलीलाई सुरक्षित र मर्यादित बनाउन उपत्यकामा जिल्ला प्रहरी परिसर काठमाडौँले फागु पर्व कडाइ गर्ने भएको छ ।

होलीलाई लक्षित गरी काठमाडौँमा तीन हजार सुरक्षाकर्मी खटिने भएका छन् ।

होली पर्वका दिन काठमाडौँमा उच्छृंखल गतिविधि गर्ने, लागू पदार्थ सेवन (लापसे) गरी सवारी चलाउने, मादक पदार्थ सेवन (मापसे) गरी हो-हल्ला गर्ने, सर्वसाधारणलाई त्रसित बनाउनेलगायत क्रियाकलाप गर्नेलाई कारबाही गरिने जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता एवं प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । उनले भने, “हामीले सभ्य, भव्य तरिकामा फागु पर्व मनाउन सबैमा आग्रह गरेका छौं । कानुन विपरीत अवाञ्छित तथा उच्छृंखल गतिविधि गर्नेलाई कानुनबमोजिम कडाभन्दा कडा कारबाही गरिने छ ।” यस वर्षको होली पर्वका लागि दुई हजार पाँचसय पोसाकधारी र पाँच सय सादा पोसाकका गरी तीन हजारको संख्यामा प्रहरी खटिने जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ ।

होली खेल्नेहरुको समूह तथा भीडमा सादा पोसाकका प्रहरी ठूलो सङ्ख्यामा परिचालन हुने भएकाले कोही कसैले पनि कानुन विपरीतका गतिविधि गरेको पाइए तत्काल पक्राउ गरिने प्रहरी उपरीक्षक अधिकारीले बताए । “काठमाडौँका विभिन्न वडामा शान्त वातावरणमा पर्व मनाउन आग्रहसहित माइकिङ गर्दै आएका छौँ”, प्रउ अधिकारीले भने, “हाम्रो चाहना भनेको शान्त र सभ्य होली मनाउनूस् भन्ने हो । हाम्रो आग्रहलाई अटेर गरी कानुन विपरीत क्रियाकलाप गरेमा कानुनी दायरामा ल्याउने छौँ ।”

अवाञ्छित र उच्छृंखल गतिविधि हुन नदिन काठमाडौँमा आइतबार बिहानैदेखि चेकजाँचको व्यवस्था मिलाइएको प्रहरीले जनाएको छ । अनावश्यक हर्न बजाउने, होहल्ला गरी सवारी चलाउने, ठूलो आवाज निकाल्ने वा बजाउने, मोटरसाइकलमा तीनजना चढ्ने, हेल्मेट नलगाउने, तीव्र गतिलगायत क्रियाकलापमा संलग्नलाई निगरानी गरी कारबाही गरिने प्रउ अधिकारीले जानकारी दिए ।

मापसे र लापसे सेवन गरी सवारी चलाउने चालकलाई कडाइका साथ चेकजाँचको व्यवस्था मिलाएको भन्दै अनुमतिबिना रङ दल्ने, लोला हान्ने, जिस्काउनेलगायत गतिविधि गर्नेलाई समेत कारबाहीको दायरामा ल्याइने जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक भूपेन्द्र खत्रीले जानकारी दिए ।

# होली र सेतो पहिरन

**काठमाण्डु** । : ‘होलीले मेरो रङ्गायो नयाँ चोली...’

तीन दशकअघि नेपाली चलचित्र ‘अधिकार’ मा यो गीत समयसन्दर्भ सुहाउँदो थियो । अहिलेको परिवेश र समयले यसको सन्दर्भ केही फेरिएको छ । अहिले चोली लगाउने चलन हराउँदै गएको छ । होलीमा सेतो टी-सर्ट र कुर्थामा युवा पुस्ता रमाउन थालेका छन् ।



बानेश्वरस्थित खुला बजारमा ‘हेप्पी होली’ लेखिएका सेता टिसर्ट खरिद गर्ने ग्राहकको घुइँचो छ । यही चैत ११ गते आइतबार परेको होली पर्वका लागि टिसर्ट किन्न बानेश्वर आउनुभएकी विमला कोइरालाले घरका सानादेखि ठूलालाई मिल्ने टिसर्ट रोज्नुभयो । उहाँले भर्खरै छ महिना भएकी काखे छोरीका लागि मिल्ने होली टिसर्ट खोज्दै हुनुहुन्थ्यो । “सबैलाई हुने किसिमका पाए पनि सानी छोरीलाई हुने भेटाइन”, कोइरालाले भन्नुभयो, “टिसर्ट लाएपछि मात्रै होली आएको अनुभूति हुन्छ ।”

भृकुटीमण्डलको कपडा बजार होलीका पहिरनले भरिभराउँछ । युवा पुस्ताले टिसर्ट नै मन पराउँछन् भने बुढापाकाले कुर्था रोज्ने गरेका व्यापारी अशोक भट्टराईले बताउनुभयो । प्रत्येक होली पर्वमा सेता पहिरन बेचेर प्रशस्त आम्दानी गर्न सकिने उहाँको भनाइ छ ।

कक्षा ११ मा पढ्दै गरेकी कोटेश्वरकी ममता चाम्लिङको मन पर्ने पर्व हो, होली । हाफ जिन्समा टिसर्ट लगाएर साथीसङ्गीहरुसँग रङ्गीन, रङ दल्न र नाचगान गर्न उहाँ निकै रुचाउनुहुन्छ । अरू बेला बोल्दै नबोल्ने साथी होलीमा खुसी हुँदै रङ लगाउन आउने भएकाले यो पर्व विशेष र रमाइलो लाग्ने चाम्लिङले बताउनुभयो । उहाँले भन्नुभयो, “रङ खेल्दा नयाँ साथी बनाउने मौका पनि मिल्छ ।”

बबरमहल बस्ने २४ वर्षीया आयुष्मा साहको स्थायी घर सिराह हो । तराईमा होली सोमबार परेकाले उहाँले यो पर्व मनाउन घर जान लागेको सुनाउनुभयो । घरमा सकेसम्म छोरीले कुर्था नै लगाउने चलन रहेकाले टिसर्टको विकल्पमा सेतो कुर्था किन्ने उहाँले बताउनुभयो । “काठमाडौँमा टिसर्ट बढी किन्छन् । हामी कुर्था रोज्छौँ । उता अलि सस्तो पर्ने भएकाले घरबाटै किनिदिनुहुन्छ”, उहाँले भन्नुभयो ।

बागबजारका कपडा व्यापारी भुवन क्षेत्रीले होली लक्षित टिसर्ट प्रिन्टको माग अत्यधिक बढेको बताउनुभयो । एक सातामा दैनिक तीनदेखि चार हजार होली लेखिएका टिसर्ट प्रिन्ट गर्ने गरिएको उहाँको भनाइ छ । “माग अनुसारको अझै उत्पादन गर्न सकेका छैनौँ”, भुवनले भन्नुभयो, “होलीको दिनसम्म यस्ता सेता टिसर्टको मागसँगै व्यापार हुन्छ ।” नेवारी, तामाङ, अङ्ग्रेजी, नेपालीलगायत भाषामा अक्षर तथा सङ्केत टिसर्टमा प्रिन्ट गर्ने गरेको उहाँले बताउनुभयो । “नेवार संस्कृति झल्किने र ‘हेप्पी होली’ लेखिएका टिसर्ट खोज्दै धेरै आउनुहुन्छ”, उहाँले भन्नुभयो, “सकेसम्म सबैको चित्त बुझाएर बजारमा सामान पठाउने गरेका छौं ।”

**होली र पहिरनको मनोविज्ञान कहाबाट आयो ?**

होली र पहिरनको मनोविज्ञान कहाँबाट आयो भन्ने ठ्याक्कै भन्न नसकिए पनि पछिल्लो पुस्ता सेतो कपडामा रङ्गीविरङ्गी रङ पोख्न रुची राख्छन् । संस्कृतिविद् धिरेन्द्र प्रेमर्षिले होलीमा सेतो कपडा खोज्नु भनेको चित्र र क्यानभाससँगको भाव समेटिएको बताउनुभयो । “जसरी कुनै सेतो क्यानभासमा अनेक रङका आकृति खुल्छन्, उसैगरि होलीमा सेतो पहिरनले रङ भर्न सहज हुन्छ । यसका लागि नयाँ टिसर्ट वा कुर्था नै चाहिन्छ भन्ने चाहि छैन”, उहाँले भन्नुभयो ।

नयाँ नै खोज्नु भनेको पूँजीवाद समाजको प्रभाव रहेको प्रेमर्षिको बुझाइ छ । बाल्यकालको सम्झना गर्दै उहाँले भन्नुभयो, “हामी सानो छँदा नयाँ लुगामा रङ्ग लाग्छ भनेर होलीमा फाटेका र पुराना लुगा लगाउथ्यौँ ।” अहिले समाज चाहिनेभन्दा बढी देखासिखीमा रमोलिएको उहाँको भनाइ छ ।

सेतो रङको लुगामा होली खेलिनु ठिकै हो भन्दै नयाँ खरिद गर्नैपर्ने बाध्यकारी संस्कृति हुन नहुने प्रेमर्षिले बताउनुभयो । पछिल्लो समय चलचित्रहरुले होलीमा सेतो पहिरन नै लगाउनुपर्छ भन्नेतर्फ प्रोत्साहन दिएको उहाँको धारणा छ । होली पर्व अर्को अर्थमा रङहरुको समानता र एकताको प्रतीक समेत रहेको प्रेमर्षिले बताउनुभयो । “होली पर्वले रङमा समानता महसुस गराउँछ”, उहाँले भन्नुभयो । रासस

# ‘विद्यालय शिक्षा विधेयक’ मा सबैभन्दा बढी संशोधन

**काठमाण्डु** । ‘विद्यालय शिक्षा विधेयक, २०८०’ नेपाली संसदीय इतिहासमा सबैभन्दा बढी सांसदबाट संशोधन गरिएको विधेयक बनेको छ ।

प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा विचाराधीन रहेको सो विधेयकमा एक सय ६३ धारा छन् । उक्त विधेयकमा एक सय ५२ सांसदले एक हजार सात सय ८५ वटा संशोधन प्रस्ताव दर्ता गराएका छन् ।

एक सय ६३ दफा रहेको सो विधेयकमाथि समितिका दुईवटा बैठकयता संशोधनकर्तासँग छलफल हुन थालेको छ । हालसम्म आठ संशोधनकर्ता सदस्यका विचार मात्र प्रस्तुत भएका छन् भने बाँकी एक सय ४४ संशोधनकर्ताले आफूले राखेका संशोधनको औचित्य प्रस्तुत गर्न बाँकी रहेको छ ।

उक्त विधेयक छिटो ल्याउन सांसद र सरोकारवाला पक्षले आवाज उठाइरहेका बेला धेरै संशोधन भएकाले यसले छलफलमा समय लिने देखिएको छ ।

संशोधनकर्ता सांसदले विचार राखिसकेपछि समितिमा दफाबार छलफल प्रारम्भ हुनेछ । समितिबाट पारित भएको विधेयक प्रतिनिधिसभाबाट पारित भएपछि राष्ट्रियसभामा जानेछ ।

संसद् सचिवालयका सहायक प्रवक्ता दशरथ धमलाले विद्यालय शिक्षा विधेयकलाई संसद्भित्र र बाहिर उत्तिकै चासो र महत्व दिइएकाले यसमा सम्भवतः अन्य विधेयकका तुलनामा धेरै सांसदबाट अधिकांश दफामा संशोधन परेको बताउनुभयो ।

उहाँले संसद् सचिवालयमा प्राप्त संशोधन प्रस्तावलाई दर्ताक्रम, विधेयकका प्रस्ताव, नेपालको संविधान र संसदीय नियमावली अनुकूल भए/नभएको यकिन गर्न एक महिनाभन्दा बढी समय लागेको बताउनुभयो ।

सहायक प्रवक्ता धमलाले संशोधनका कतिपय प्रस्ताव संविधानमा रहेका तीन तहका सरकारका कार्यक्षेत्रसँग बाझिने किसिमका भएकाले पनि समितिले यति धेरै संशोधनलाई छिट्टै पार लगाउन कठिन हुने जानकारी दिनुभयो ।

विद्यालय शिक्षासम्बन्धी कानुनलाई एकीकरण र संशोधनका लागि तत्कालीन शिक्षामन्त्री अशोककुमार राईको कार्यकालमा गत भदौ २७ गते प्रतिनिधिसभामा सो विधेयक दर्ता भएको थियो ।

संशोधनकर्तासँग छलफलअघि समितिले सरोकारवाल पक्ष, विज्ञ र विद्यालय सञ्चालक पक्षसँग विभिन्न चरणमा सुझाव मागेको थियो । विधेयकका विभिन्न



पक्षमाथि केन्द्रित भएर संसद्बाहिर पनि छलफल र बहस भइरहेको छ ।

विधेयकमा आफ्ना माग र आफूहरुसँग भएका सहमतिको पालना भई छिटो कार्यान्वयनमा ल्याउन नेपाल शिक्षक महासङ्घलगायतले दबाब दिइरहेका छन् भने स्थानीय तहका जनप्रतिनिधिले संविधानमा उल्लिखित विद्यालय तहको आफूहरुको अधिकारमा तलमाथि भए अदालत जाने चेतावनी दिँदै आएका छन् । सामुदायिक विद्यालयका शिक्षक आफूहरुको सरुवा, अभिलेखलगायत काम प्रदेश सरकारबाट गराउन चाहन्छन् ।

समितिका सभापति भानुभक्त जोशी गत फागुन २३ गते पुनःगठित मन्त्रिपरिषद्मा सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री नियुक्त भएपछि रिक्त पदमा यही चैत ७ गते सांसद अम्मरबहादुर थापा निर्वाचित हुनुभएको छ । नयाँ सभापतिले यही चैत ९ गते बैठक आह्वान गरी विधेयकमा संशोधन हाल्ने सात सांसदसँग छलफल गराउनुभएको छ ।

समितिमा गत फागुन २० गते संशोधनकर्ता सदस्यसँग पहिलो छलफल भएकामा त्यस दिन बोलाइएमा मध्ये एक सांसद मात्रै उपस्थित हुनुभएको थियो । सभापति थापाले हालसम्म आठ संशोधनकर्तासँग मात्रै छलफल भएकाले विधेयकलाई टुङ्गो लगाउन कति समय लाग्छ भन्ने यकिन गर्न नसकिने बताउनुभयो । सांसदहरुले व्यस्तताका साथै अरु समितिमा पनि बैठक पर्ने भएकाले अमन्त्रित सदस्य नआइँदिदा संशोधनमाथिको छलफल प्रभावित हुने गरेको बताउनुभएको छ । समितिले सो विधेयकलाई प्रदेशस्तरमा पनि छलफलका लागि लाने योजना बनाएको छ । यसरी जाँदा चालु हिउँदे अधिवेशनमा विधेयक पारित हुने सम्भावना झिने रहेको सांसदहरु बताउँछन् ।रासस

# बसाइँसँगै सर्यो होली

**काठमाण्डु** । असत्यमाथि सत्यको विजय उत्सवका रुपमा मनाइने होली पर्व सुदूरपश्चिमका हरेक जिल्लामा पृथक तरिकाले मनाइने गरिन्छ ।

कैलाली र कञ्चनपुरका रानाथारू समुदायको होली पर्व भिन्न छभने अन्य पहाडी जिल्लाबाट यहाँ बसाइँसराइ गरी आउनेको होली भिन्न छ । पछिल्लो समय पहाडी जिल्ला अछाम, बैतडी, दार्चुला र डडेल्धुराबाट तराईमा बसाइँ सरेर आउनेले पनि आ-आफ्नो ढङ्गले होली मनाउन थालेका छन् ।

यहाँ बसोबास गर्ने अछामी समुदायले भिन्न तरिकाले होली मनाउने गरेका छन्भने डडेल्धुराको रुपाली होली भिन्न छ ।

त्यसैगरी, दार्चुला र बैतडीबाट बसाइँ सरी आएकाले होली भिन्न तरिकारले मनाउने गरेका छन् ।

हाल कञ्चनपुरमा अछामी होली, रुपाली होली र दार्चुला बैतडीको होली भिन्न भिन्न तरिकाले मनाउने गरिएको छ । अछामबाट बसाइँसराइ गरी यहाँ आएकाले आफ्नो संस्कृति संरक्षणका लागि होली पर्व मनाइएको अछाम सेवा समाज कञ्चनपुरका अध्यक्ष रुपबहादुर रावलले बताउनुभयो ।

“हाम्रो अछाममा सेतो जामासहितको लुगा लगाएर रङ नलगाई होली खेल्ने गरिन्छ”, उहाँले भन्नुभयो, “अहिले संस्कृति संरक्षणका लागि बसाइँ सरी जो जहाँ छौँ, त्यही होली मनाउने गरेका छौँ ।


**मधेश कृषि विश्वविद्यालय**
**राजविराज, सप्तरी**

**B.Sc. Ag Hons. मा विद्यार्थीभर्ना सम्बन्धी सूचना**

यस विश्वविद्यालय अन्तर्गत कृषि संकायमा B.Sc.Ag Hons. (४वर्षे)नयाँ विद्यार्थी भर्ना मिति २०८०/५/२९ गते सुक्रवार देखि मिति २०८०/०६/३० गते मंगलवार राती १२ बजेसम्म Online बाट फारम भर्न सकिने छ । प्रवेश परीक्षाका मिति, समय र स्थान आवेदनफारम भर्ने म्याद सकेपछि प्रकाशन गरिने छ । विस्तृत जानकारीको लागि मधेश कृषि विश्वविद्यालयको वेबसाईट www.mau.edu.np मा हेर्न तथा फोन नं. ०३१-५९०५५५/५७ मा सम्पर्क गर्न सकिने छ ।

**मधेश कृषि विश्वविद्यालय**
**राजविराज, सप्तरी**

**कृषि स्नातक (B.Sc.Ag Hons.) तहको पुन:प्रवेश परीक्षाको Online आवेदनफारम भर्ने सम्बन्धी सूचना**

शैक्षिक सत्र २०८०र ०८१ कालागि कृषि संकायमा कृषि स्नातक (B. Sc. Ag. Hons.) तहमा अध्यय नगर्न विश्वविद्यालय विकास कोष अन्तर्गत केही सिट खाली रहनगएकोले आवश्यकन्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८० चैत्र ११ गते देखि मिति २०८० चैत्र २५ गते सम्म विश्वविद्यालयको वेबसाईट http://entrance.mau.edu.np मागई पुन:प्रवेश परीक्षाको Online आवेदनफारम भर्न सूचना प्रकाशन गरिएको छ । विस्तृत जानकारीको लागि ०३१ ५९०५५५ मा सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**मधेश प्रदेश सरकार**
**श्रम तथा यातायात मन्त्रालय**
**जनकपुरधाम, धनुषा (नेपाल)**

**सूचना ! सूचना !! सूचना !!!**


**प्रकाशित मिति: २०८०/१२/११**

श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेश सरकारको पूर्ण लागतमा आ.व. २०८०/८१ मा तपशिल अनुसारको शिप विकाश सम्बन्धी तालिमहरु संचालन हुन गइरहेकोले तालिममा सहभागी हुन चाहने मधेश प्रदेशमा स्थायी बसोवास भएका योग्य नेपाली नागरीकहरुबाट दरखास्त आव्हान गरिन्छ ।

| सि.न. | तालिम | न्यूनतम योग्यता | संख्या | अवधि | तालिम शुल्क | फारम भर्ने अन्तिम मिति | सम्पर्क मिति | छनौट प्रकृया | तालिम शुरु हुने मिति |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | Basic Food Preparation (Cook) | SEE वा सो सरह उतिर्ण | ३० जना | ३ महिना | नि:शुल्क | २०८०/१२/१८ | २०८०/१२/१९ | योग्यता + अन्तरवार्ता | छनौट प्रक्रिया सम्पन्न भए लगत्तै संचालन गरिने छ । |
| २ | Food and beverage Service (Waiter) | SEE वा सो सरह उतिर्ण | ३० जना | ३ महिना | | | | | |
| ३ | Basic Housekeeping | SEE वा सो सरह उतिर्ण | ३० जना | १ महिना | | | | | |
| ४ | Barista | SEE वा सो सरह उतिर्ण | २० जना | १ महिना | | | | | |
| ५ | Bakery | SEE वा सो सरह उतिर्ण | २० जना | १ महिना | | | | | |
| ६ | Local Guide | SEE वा सो सरह उतिर्ण | ३० जना | ७ दिन | | | | | |

**नोट** :

१. दरखास्त फाराम निवेदनको साथमा २ प्रति हाल सालै खिचेको पासपोर्ट साईजको फोटो, नागरिकता, शैक्षिक योग्यताको प्रमाण-पत्रको प्रमाणित प्रतिलिपी सम्बन्धि पालिकाको रोजगार शाखामा बुझाउनु/दर्ता गराउनु पर्नेछ ।
२. अर्न्तवार्ता सम्बन्धी सूचना यस मन्त्रालयको वेभसाइट तथा सम्बन्धित पालिकाको रोजगार शाखाबाट लिन सकिनेछ ।
३. तालिम अवधिको बास तथा खानाको व्यवस्था सम्बन्धमा पछि निर्णय भए अनुसार हुनेछ ।
४. थप जानकारीका लागि श्रम तथा यातायात मन्त्रालयको सम्पर्क नं. ९८५४०२८७१४ मा सम्पर्क गर्न सकिनेछ ।
५. अनुभवी र दक्षता भएकालाई विशेष प्राथमिकता दिइनेछ । साथै वैदेशिक रोजगारीबाट फर्केका वा वैदेशिक रोजगारीमा जानेहरुलाई प्राथमिकतामा राखिनेछ ।
६. निवेदकहरुले आफ्नो सम्पर्क मोबाइल नं. अनिवार्य रुपमा उल्लेख गर्नुपर्नेछ ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# संस्कृतीलाई संरक्षण गरौ

नेपाल र भारतबीचको त्रेतायुगकालिन सम्बन्धलाई जिवन्तता प्रदान गर्ने महत्वपूर्ण धार्मिक सांस्कृतिक पर्व, त्यौहार, उत्सव, महोत्सव मध्येको एक मिथिला परिक्रमापनि हो ।बिभिन्न धार्मिक मान्यताहरुसित जोडिएका पवित्र १५ स्थलको दर्शन पुजागर्न १५ दिने परिक्रमाको चलन चलेको छ ।भगवान कल्याणेश्वरलाई साक्षी राखी प्रारम्भ हुने परिक्रमाको क्रममा माता सीता र भगवान रामबीच पहिलो पटक भेंट भएको फुलहर(गिरिजास्थान), भगवान रामले होली खेलेको कञ्चनवन, धनुषको एउटा टुक्रा रहेको धनुषाधाम लगायतका तिर्थस्थलहरुको परिक्रमागर्दै श्रद्धालुहरु पूर्णिमाको अघिल्लो दिन जनकपुरधाम आउने मार्ग बनाइएको छ ।मिथिलामा पूर्णिमाको दिन अन्तगृह परिक्रमा अर्थात जनकपुरधामको नगरपरिक्रमा गरिन्छ ।मिथिला लगायत भारतमा समेत पूर्णिमाको दिन होली खेलिदैन् ।पूर्णिमाको भोली पल्ट मिथिलामा होली खेल्ने मान्यता रहिआएको छ ।यस पटक आइतवार परिक्रमा जनकपुरधाममा आउने छ ।सोमवार बिहान श्रद्धालुहरुले नगरपरिक्रमा गर्ने छन् ।अन्तगृह परिक्रमामा १५ दिने परिक्रमाका सहभागि सहित बिभिन्न स्थानका श्रद्धालुहरु समेत सहभागि हुने गर्छन् ।पूर्णिमाको परिक्रमापछि श्रद्धालुहरु सो ही दिन आ आफ्ना घर फर्कने गर्छन् ।अन्तगृह परिक्रमा सोमवार हुने भएकाले मिथिलामा होली मंगलबार हुनेछ ।होलीमा मद्यमांसलाई प्राथमिकता दिने गरिन्छ ।मंगलवार होली हुँदा कतिपय मानिसहरुले मद्यमांस नखाने भएकाले बुधवार होली मनाउने मुड बनाएको देखिन्छ ।तर त्यो सर्वथा उचित होइन् ।परिक्रमा घुमेको भोली पल्ट अर्थात मंगलवार नै होली मनाइनु पर्छ ।मद्यमांस नै होलीको विशेषता होइन् ।होलीमा मद्यमांसको सेवन गर्नै नहुने भए उपयुक्त हुने थियो ।होलीको दिन शुद्ध शाकाहारी खाएर समाजिक सदभावलाई बलियो बनाउन रंगअबीर खेल्नु पर्छ ।होली असत्यमाथि सत्यको विजयको रुपमा पनि मनाइन्छ ।होलीका दहनपनि होलीको एउटा महत्वपूर्ण पक्ष हो ।समाजिक सदभावका लागि सांस्कृतिक त्यौहारको रुपमा मनाइने होलीलाई विकृत बनाउनु हुँदैन् ।संस्कृतीलाई परापूर्वकालदेखिको मान्यताबाट भिन्न गरे त्यसको अवमूल्यन हुनेछ ।होली पर्वलाई दिन(वार)ले असर गर्नु हुँदैन् ।हरेक वर्ष हरेक दिन होली पर्व पर्ने गर्छ ।मंगलवार परे होली नै सार्ने सौंच विकृती बाहेक केही होइन् ।संस्कृतिको संरक्षण गर्नु आवश्यक छ ।विगतमा होलीमा हुने भीड र सदभावमा कमि आएको देखिन्छ ।त्यसमापनि दिन अनुसार मनाइने सोंच र प्रवृतीले संस्कृतिलाई विकृत बनाउनेछ ।यसतर्फ सबैले सोंचौं ।परापूर्वकालदेखि मनाइदै आएको पूर्णिमाको भोलीपल्टको होलीलाई नै निरन्तरतादिदै मंगलवार होली खेलौं ।होलीको सबैमा हार्दिक शुभकामना ।

# के प्रचण्ड एक चमत्कारिक नेता हुन ?



प्रभाषचन्द्र झा
वरिष्ठ पत्रकार

बुद्धीचालको खेल र सत्ताको खेलमा दिमागको बढी उपयोग हुन्छ । यी दुइटै खेलमा प्रतिद्वन्द्वीको शक्ति र उनको रणनीतिलाई विफल पार्नका लागि जित्न खोज्ने खेलाडीमा कौशलता, परिपक्वता, संयमताका साथै दुरुगामी सोचपनि हुनुपर्छ । प्रतिस्पर्धात्मक खेलमा एक चाल उल्टो परयो भने बाजि पल्टिन बेर लाग्दैन् । आफ्ना प्रतिद्वन्द्वीको रणनीति सम्झन सक्ने र कसरी निरस्त्रगर्ने बारे चनाखो नहुने खेलाडीको हार निश्चितनै हुन्छ ।

नेपालमा चौंध महिनाको अवधिमा तीनपटक सत्ता समीकरणमा हेरफेर भएको छ । प्रचण्डलाई प्रधानमन्त्री बनाइ राख्नमा एक प्रकारले केपि ओली र शेरबहादुर देउवाबीच प्रतिस्पर्धानै छ । जसले जे भनेपनि एक सशक्त व्यक्तिको रुपमा प्रचण्डले आफ्नो दलभन्दा प्रतिनिधिसभामा सङ्ख्यात्मक रुपमा तेब्बरको हाराहारीमा रहेका दुई ठूला दलको आलोपालो गरी समर्थन लिएर प्रधानमन्त्री पदमा आसिन हुनु र पार्टीको अध्यक्षमा लगातार तीनदसकभन्दा बढी समयसम्म कायम रहनु र तीनपटक प्रधानमन्त्री हुनु भनेको एक चमत्कारिक क्षमता नै हो । प्रचण्डको चातुर्यताको प्रशंसा गर्नेपर्छ ।

भारतीय जनता पार्टी र राष्ट्रिय जनता दलबीचको सैद्धान्तिक वैमन्स्यताको फाईदा उठाएर विहारमा नीतिशकुमार पटक पटक मुख्यमन्त्री पदमा आसिन भएका छन् । विहार विधानसभामा पनि उनको जनता दल युनाइटेड तेस्रो स्थानमा छ । तर, भाजपा र लालुको पार्टी आरजेडीले एक अर्कालाई मुख्यमन्त्री बन्न नदिनका लागि जसरी नीतिशलाई लोपालो गरी बोक्दै आएका छन् । त्यसरीनै, काँग्रेस र एमालेले प्रचण्डलाई बोक्न थालेको हो ।

दुवै दलबीच सैद्धान्तिक मार्ग फरक भएपनि राजनीतिक स्वार्थ मिलेपछि सैद्धान्तिक पथ विलिन हुन्छ । २०५५सालदेखि काँग्रेस र एमाले मिलेर ६ पटक सरकारमा साझेदारी गरेको छ । त्यसआधारमा भविष्यमा दुवै दलबीच सत्ता साझेदारी हुन नसक्ने सोच्नु नै गलत हो । केपि ओलीले दुई दिनअघि सत्ताको स्थायित्वको कुरा उठाएको छ । सत्ता स्थायित्वका लागि काँग्रेस र एमालेबीच सरकार गठन हुनेतर्फ सङ्केतको रुपमा लिनुपर्छ । पाँच दलबीच आपसी समन्वय मिलाउनमा पनि समस्या छ । तर, सवैभन्दा महत्वपूर्ण कुरा के छ भने एमालेले खासै महत्वपूर्ण मन्त्रालय नपाएकाले कार्यकर्तामा निराशापनि देखिन्छ । केपि ओलीलाई अलिकतिपनि असजिलो महशुस भयो भने समीकरणमा हेरफेर नभई नयाँ सरकारनै गठन हुन्छ । यो सरकारले तीन महिनाको अवधि पार गर्न सफल भयो भने स्थायित्व ग्रहण गर्ने सम्भावना प्रवल रहन्छ ।

केपि ओली आफ्ना कुटनीतिको उपयोग गोप्य ढङ्गले गर्छन् । आफ्ना प्रतिद्वन्द्वीलाई भ्रमित गरी अप्रत्यासित रुपमा प्रहार गरेको अनेकौं उदाहरण छन् । आफू २०८४को मिशनमा लागिपरेको, एमालेको सरकारमा जाने चाहना नरहेको पटक पटक दोहराउँदै सत्ताको खेलमा काँग्रेसलाई बाहिरको बाटो देखाएर आफ्नो पार्टीलाई सरकारमा समाहित गराए । संसद विघटनको सिफारिसपनि अप्रत्यासित रुपमा गरेको थियो । आफ्नो अडानबाट पछि नहटने गरेको कारण बढी चर्चा रहेको देखिन्छ । ओलीको पार्टीमाथि सशक्त पकड छ । उनले उठाएको कदमप्रति नेता र कार्यकर्ताहरु खुलेर समर्थन गर्छन् । हत्तपत्त निर्णयप्रति प्रश्न उठाउँदैनन् । त्यस्तै, पार्टीमाथि पकड प्रचण्डको पनि छ । तर, उनले कहिँलेकाँहि भावनामा बगेर मनका कुरा पोख्ने गर्छन् । शेरबहादुर देउवा सोझो धारमा राजनीति गर्छन् । आसेपासेको सल्लाहलाई बढी प्राथमिकता दिने गरेकाले उनमा परनिर्भरता बढी देखिन्छ ।

कुनैपनि बेला प्रचण्डले विगतजस्तै समीकरण हेरफेर गर्न सक्ने सन्दर्भमा काँग्रेस सभापति देउवालाई चनाखो रहनुपर्ने थियो । ओलीको सहयोग पाएर प्रधानमन्त्री बनेका प्रचण्डको दुई महिनामा खटपट मुख्य कारण राष्ट्रपति निर्वाचननै थियो । तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीमाथि केपि ओलीको राजनीतिक प्रभाव देखेर प्रचण्डले एमालेबाट पुनः राष्ट्रपति भएपछि उस्तैखाले दवावमा पर्नेछ भनेर हच्किएको थियो भन्नु अतिशयोक्ति नहोला ।

### संसद अवरुद्ध

हिन्दीमा एउटा लोकोक्ति छ- 'खिसियानी बिल्ली खम्बा नोचे ।' अर्थात,केही बिगार गर्न नसकेपछि रिसाएकी विरालोले खाँबो चिर्थोने गर्छ । सत्ताबाट काँग्रेस हटेपछि सवैभन्दा बढी विरालोजस्तै रिष रविमाथि पोखेको देखिन्छ । राष्ट्रिय स्वतन्त्र पार्टी प्रचण्डलाई समर्थन नगरेको भए, सत्ता हेरफेर सम्भव थिएन् । सत्ताबाट हटेको रिष पोखेको हो कि वास्तवमा काँग्रेसको नजरमा रवि लामिछाने दोषि हुन् । पोखराको सुदर्शन सहकारीमा एक अर्व रुपैयाँ भन्दा बढीको अपचलनको विषयमा गृहमन्त्रालयद्वारा छानविन जारी छ । उक्त सहकारीमा रविको पनि संलग्नता रहेको र उनले पनि नक्कली खाता खोलेर एक करोड रुपैयाँ लिएको आरोप छ । रवि स्वयं छानविनको दायरामा परेकाले गृहमन्त्रालयमा उनी बस्यो भने जाँच प्रभावित हुने चिन्ता काँग्रेसको छ । अर्को दृष्टिले हेर्दा, काँग्रेसको माग एक किसिमले जायजपनि छ । किनकी, नेपालमा पदको व्यापक रुपमा दुरुपयोग हुने गरेको देखिएको छ । सुन तस्करीको छानविन समितिले कृष्णबहादुर महरामाथि कारवाहीको सिफारिस नगरेको भए, उनी पक्राउमा पर्ने थिएन् । यसअघि, सामान्य सोधपुछ मात्रै गरिएको थियो । उक्त, सहकारीको सिआईबीद्वारा छानविन भइरहेको छ ।

प्रधानमन्त्री प्रचण्डले प्रतिनिधिसभामा सहकारीको उक्त घटनाको अनुसन्धानमा अहिलेसम्म रवि लामिछानेको कुनै संलग्नता नरहेको जवाफदिएर काँग्रेसलाई आश्वास्त पार्न खोजेको छ । केपि ओलीपनि रविको पक्षमा उत्रनुका साथै काँग्रेसमाथि शब्दले कडा प्रहार गरिरहेका छन् । एकछिनको लागि रवि लामिछानेले गृह मन्त्रालय छोड्यो भने काँग्रेसलाई के फाईदा हुन्छ ? काँग्रेसलाई प्रचण्ड नेतृत्वको सरकार छोडाउनमा कतै न कतै रवि लामिछानेको पनि भूमिका छ । उनी हट्यो भने रविसँग प्रतिशोध साध्न पाएको भनेर केही खुशीको अनुभूति हुनुबाहेक तत्काल काँग्रेसलाई राजनीतिक लाभ होलाजस्तो लाग्दैन् । केही दिन सञ्चार जगतमा चर्चा परिचर्चा हुन्छ । राष्ट्रिय स्वतन्त्र पार्टीको नेता रवि लामिछाने एकपटक नागरिकता विवादमा पर्दा साँसद् को पदपनि गुमेको थियो । अर्कोपटक, सहकारीको ठगीको विवादमा फस्यो भने सो पार्टीलाई ठूलो धक्का लाग्नेछ । त्यो त्यति सहज छ, जस्तो लाग्दैन् । उक्त सहकारीका सञ्चालक जीवी राई फरार छन् । उनी पक्राउमा परेपछि धैरै कुरो सार्वजनिक हुनेछ । राईलाई पक्राउ गर्नका लागि गुहमन्त्री लामिछानेमाथि काँग्रेसलाई दवाव बनाउनुपर्ने हो । जिवी राई ल्याउनमा रवि लामिछाने सफल भयो भने उनको लोकप्रियता ह्वात्तै बढनेछ ।

यदि, रवि लामिछाने आफ्नो पदमा रहिरह्यो भने काँग्रेस कति दिनसम्म संसद् बाधित गर्दै रहन्छ ? उल्टै, प्रचण्डको नेतृत्वको सरकार अझ सशक्तनै हुनेछ । काँग्रेससँग रविको दूरी झन बढनेछ । बामपन्थी एकताको आवाज उठिरहेको समयमा काँग्रेसलाई जसरीपनि रविलाई आफ्नो पक्षमा ल्याउनका लागि प्रयास गर्नुपर्ने थियो । राजनीतिक दृष्टिले हेर्दा, रवि गृह मन्त्रालय छोड्यो भने काँग्रेसको सट्टा एमालेलाई फाईदा हुनेछ । सत्ता गठबन्धनको ठूलो पार्टी एमालेको गृह मन्त्रालय पाउने हक स्थापित हुनेछ ।

नेकपा (माओवादी केन्द्र)का उपाध्यक्ष कृष्णबहादुर महरा र पूर्वराष्ट्रपति नन्दकुमार पुनका छोरा दिपेश पक्राउमा परेपछि त्यसको यश गृहमन्त्री लामिछाने पाएका छन् । यसका साथै, मिटरब्याँजी, लघुवित्त पीडित र आरती साहको हत्याको विषय लिएर काठमाडौंमा लामो समयदेखि पीडित पक्षहरु धरनामा बसेर आवाज उठाइरहेका थिए । उनीहरुसँग सहमति गरेर समस्या समाधानको लागि ठोस पहल गरेपछि लामिछानेले चौंतर्फी यश पाएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका रविसहित चार मन्त्रीहरुले आ-
आफ्



ना मन्त्रालयमार्फत देश र जनताले खोजेअनुरुप सेवा प्रदान गर्न सफल भयो भने सो पार्टीप्रति युवाहरु बढी आकर्षित हुनेछ । रविको बोल्ने शैली र कामप्रति लगनशिलता देखेर युवाहरु पुराना पुस्ताका नेताहरुको विकल्पमा रवि लामिछानेलाई नायकको रुपमा देख्ने गरेको छ । रविको लोकप्रियता बढ्दै गएको अवस्थामा ओली ओझेलमा पर्न सक्छ । ओलीलाई त्यस्तो अनुभूति भयो भने काँग्रेससँग मिलेर सरकार बनाएर रविलाई सत्ताबाट बाहिर गर्न सक्छ । किनभने, राजनीतिमा लोकप्रियताको वलमा आफ्नो बर्चस्व स्थापित हुन्छ । रवि लामिछाने छोटो समयमैं पुरानो नेताको तुलनामा बढी लोकप्र्यि देखिन थालिएको छ । ओलीले रविलाई उचाल्दै शिखरमा पुऱ्याएर लडाइदिने सम्भावना छ ।

तर, मुलुकमा राजनीतिक स्थायित्व चाहिएको छ । सत्तासिन नेतामा मुलुक र जनताप्रति समर्पनको भावनाका साथै कानुनी राज्यको अवधारणलाई पूर्णपालना गर्नका लागि प्रतिबद्ध भई भ्रष्टाचार र अनियमितताको न्यूनीकरणतर्फ अग्रसर हुनुपर्छ । त्यसो नभएको अवस्थामा सत्ता समीकरण औंचित्य पुष्टि हुँदैन् ।

राजनीति सत्ताको लागि गरिन्छ । तर, व्यक्तिगत स्वार्थमा अल्झिदैं रह्यो भने विकृति उत्पन्न गराउँछ । राजनेताको दायित्व जनताको सामाजिक र राजनीतिकस्तर उचाइमा पुऱ्याउनु हो । नेपालको राजनेताले राजनीतिको यो परिभाषालाई व्यवहारमा उतार्न नसक्दा जनविश्वास गुम्दै गइहरहेको देखिन्छ । राजनीतिको सिद्धान्तविपरीत मुलुकमा राजनीति व्यक्तिगत स्वार्थ, धन आर्जनको सवैभन्दा ठूलो माध्यम बनेको छ । सुन तस्करी, सरकारी जग्गामाथि अतिक्रमणजस्ता घटना सामान्य घटनाजस्तै लाग्न थालेको छ ।

राजनीतिक स्थायित्वका लागि राजनेतामा स्वच्छता, नैतिकता र इमान्दारिता आवश्यक छ । यी तीन गुणमध्ये एक लक्षण यदाकदा कुनै नेतामा छ भने त्यस्ता नेता नेपालमा सत्ताको बागडोर सम्हाल्न सकेको देखिएन् । नेताको बोली र व्यवहार देखेर जनताको विश्वास डगमगाउन थालेको छ । प्रचण्डले काँग्रेससँग तालमेल गर्दा यो गठबन्धन पाँच बर्षसम्म चल्ने भनेर पटक पटक प्रतिबद्धता प्रकट गरेपनि एक बर्षपनि गठबन्धन धान्न सकेन् । अव, एमालेसहित पाँच दलको वलमा यो सरकार कतिदिन टिक्ने हो भन्ने प्रश्न उठ्न थालेको छ । काँग्रेससँग जति सहज ढङ्गले प्रचण्ड काम गरिरहेको थियो । त्यस किसिमको सहजता ओलीसँग असम्भव नै छ ।

मुलुकमा प्रजातन्त्रको पुनःस्थापनादेखि गणतन्त्रस्थापनाको कालखण्डको डेढ दसकको अवधिमा लौंहपुरुष गणेशमान सिँह, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारी, गिरिजाप्रसाद कोइराला र विष्णु मानन्धरको अग्रपक्तिमा नाम आउँछ । २०४७ सालको जनआन्दोलन गणेशमान सिँहको नेतृत्वमा सफल भएको थियो । कृष्णप्रसाद भट्टराई अन्तरिम सरकारको प्रधानमन्त्री हुँदा २०४७को संविधान जारी भयो । गिरिजाप्रसाद कोइराला २०४८ सालमा प्रधानमन्त्री बनेर एक पिताको तीन छोरा प्रधानमन्त्री बनेको विश्व कीर्तिमान नै कायम गऱ्यो । २०६३ सालमा शाही शासनविरुद्ध जनआन्दोलन गरेर मुलुकलाई गणतान्त्रिक पद्धतिमा ल्याउनमा नेतृत्वदायी भूमिका निर्वाह गरेपछि एतिहासिक पुरुषको रुपमा जनताबाट सम्मान पाइयो । २०५१ सालमा प्रधानमन्त्री बनेपछि मनमोहन अधिकारी आफ्नौं नौं महिने शासनकालमा बृद्धभत्ताको शुभारम्भ गऱ्यो । नेकपा .(संयुक्त)का महासचिव जीवनपर्यन्त सादगी जीवन र उच्च आदर्शको पालना गर्दै राजनीतिक यात्रामा अनवरत रुपमा लागिरह्यो । कहिँलेपनि कुनै पदको लोभ गर्नु भएन् ।

मुलुकमा संविधानसभाबाट निर्मित संविधान जारी गराउनमा तत्कालीन प्रधानमन्त्री सुशील कोइराला, ओली, देउवा र प्रचण्डको महत्वपूर्ण भूमिका रह्यो । विश्वकै उत्कृष्ट संविधान भनेर व्यापक प्रचार गरिएपनि सोही संविधानको कारण शासनसत्तामा अस्थिरता छ । यदि, यो संविधान असफल भयो भने ति तीनजना नेतालाई नै अपयशको जिम्मेवारी लिनुपर्छ । यसो हेर्दा, प्रधानमन्त्री कसरी बन्ने, कसरी हटाउनेबाहेक उनीहरुले देशका लागि खासै उपलब्धिमूलक कार्य गरेको अहिलेसम्म देखिएको छैन् ।

सत्तालाई नै राजनीतिकको मूल उद्देश्य सम्झदा दलहरुको विश्वसनीयतामा ह्रास आएको छ । सङ्घीय लोकतान्त्रिक व्यवस्थालाई बलियो बनाउनका लागि जनताले मुलुकमा राजनीतिक स्थायित्व खोजेकाले सो तर्फ दलहरुलाई केन्द्रीत हुनुपर्छ । 'इतिश्री'

# गठबन्धनको च्याखे र रास्वपा



जगन्नाथ लामिछाने

देशमा अब केही राम्रो हुँदैन भन्ने सोचले हाम्रो मनोविज्ञानलाई निकै गहिरोसँग प्रभावित पारेको छ । आफ्नो उमेर समूह अनि सीप क्षमता अनुसार देश छाडेर हिंड्न अहिले सबै नागरिकहरूमा ठूलो उकुसमुकुस देखिन्छ । सन् २०२३ मा मात्र १७ लाखभन्दा बढी नेपालीले अवसरको खोजीमा देश छाडेको तथ्यांक छ। भ्रष्टाचारमा पहुँच पुग्नेहरू, दलीय स्वार्थ समूहका सदस्यहरू र बिचौलियाहरूको लागि मात्र यो देश स्वर्ग बनिरहेको छ ।

विस्तारै १८ देखि ४० वर्ष उमेर समूहका युवाहरू देशमा भेट्टाउन गाह्रो हुने अवस्था देखिंदैछ । अहिले नै देशभित्र युवाहरू रित्तिंदै जाँदा यसको प्रभाव उच्च शिक्षामा भर्ना हुने विद्यार्थी संख्या, आन्तरिक पर्यटन, होटल व्यवसाय तथा रेस्टुरेन्टहरूमा देखिन थालिसकेको छ ।

अहिलेको नेपाली समाज निराशता, हीनताबोध, उकुसमुकुस तथा किंकर्तव्यविमूढको मनोविज्ञानमा जेलिएको छ तर पनि मान्छेहरूमा आक्रोश देखिंदैन। कतै देशमा अब केही हुँदैन भन्ने चरम निराशाका कारण नेपालीहरू रिसाउन पनि छाडेका त होइनन् ?

आर्थिक अवसर र सुरक्षालाई लिएर समाजमा देखा परिरहेको निराशा आजको भोलि विकसित भएको होइन । सामूहिक रूपमा निराश वा आशावादी हुन धेरै पटक हामीले समान खालका घटनाहरू अनुभव गर्नुपर्ने हुन्छ। राजनीतिक दल र नेतृत्वले बारम्बार देखाएका झुटा सपना तथा धोकाको शृंखलाहरूले आजको निराशाजनक अवस्था आएको हो ।

अर्थशास्त्रीय दृष्टिकोणमा हाम्रो सामूहिक निराशाका कारणहरू व्यक्तिभन्दा ठूला छन् र यो प्रत्यक्ष रूपमा हाम्रो राज्यको संरचनासँग जोडिएको छ। देशभित्रको सानो बजार, आन्तरिक उत्पादन निकै कम हुनु, आयातमुखी अर्थतन्त्र, व्यवसाय गर्न अप्ठ्यारै अप्ठ्यारो मात्र; बिचौलिया अनि भ्रष्टाचारमैत्री कर्मचारीतन्त्र, न्यायालय तथा राजनीतिक दलहरू जस्ता कुराहरूले आम नागरिकहरूमा निराशा मात्र बढाएको छ ।

तीस-चालीस वर्षसम्म दलीय नेतृत्व गरेर पटक-पटक असफल हुँदा पनि अहिले प्रायः तिनै पात्रहरू राष्ट्रिय राजनीतिको केन्द्रमा छन्। उनीहरू आफ्नो असफलताको लागि न त दण्डित छन् न त नेतृत्वबाट विस्थापित नै। अझै यो वा त्यो बहानामा आम नागरिकहरूलाई झुक्काउन सफल छन् ।

यही निराशा र आक्रोशको बीचमा हामी फरक हौं र फरक परिणाम ल्याउने गरी काम गर्छौं भनेर उदाएको पार्टी हो राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)। 'अब जान्नेलाई छान्ने' भन्ने राजनीतिक नारा दिएर चुनावको मुखमा उदाएको नयाँ राजनीतिक दलले आम मानिसको मन जितेर चौथो ठूलो दल पनि बन्न पुग्यो । कांग्रेस, एमाले र माओवादीसँग



आजित नागरिकहरूले एउटा विकल्पको रूपमा रास्वपालाई आफ्नो विद्रोही मत दिए ।

रास्वपासँग नागरिकको अपेक्षा ठूलो छ । सुशासन, राम्रो शिक्षा र स्वास्थ्य, पर्याप्त रोजगारीको अवसर, उद्यम गर्ने वातावरण, समय सुहाउँदो भौतिक पूर्वाधारको विकास अहिले नागरिकले पालेका अपेक्षा हुन् । रास्वपाको बाचापत्र यिनै विषयहरूले भरिभराउ छ ।

चौथो ठूलो दलको नाताले गठबन्धनको सरकारमा दुई-दुई पटक सामेल भइसकेपछि रास्वपाले गठबन्धनको राजनीतिक संस्कार, आफ्नै पार्टी र देशको भविष्यको बारेमा धेरै प्रश्न उठाएको छ ।

पुराना दलहरूसँगै गठबन्धन गरेर यो देशका समस्या समाधान गर्न सकिने हो भने नयाँ राजनीतिक दलहरूको औचित्य अर्को आम निर्वाचन अगाडि नै समाप्त हुनेछ। वास्तवमा, हाम्रा समस्याहरू पुराना दलहरूभित्र छन्, पुराना दलहरूमा नेतृत्वले बोकेको सोच र कार्यशैलीभित्र छ, कर्मचारी संरचनाभित्र छन्, सार्वजनिक सेवाका लागि निर्माण गरिएका संस्थाहरूभित्र छन् । दुःखको कुरा, देशलाई असफलता र निराशाको भुमरीमा घुमाइरहेका दलहरू र नेतृत्वलाई वैधता प्रधान गरेर रास्वपाले आफूलाई यही राजनीतिक संस्कारको एउटा हिस्सा सावित गरिसकेको छ ।

पुराना दलहरू गलत राजनीतिक दर्शन र पार्टीभित्र असल क्षमतावान् मान्छेहरूको कमि भएर असफल बनेका होइनन् । सबै राजनीतिक दलहरू समाजमा आशा देखाएर अनि सामाजिक-राजनीतिक मुद्दाहरूकै नेतृत्व गरेर उदाएका हुन् । रास्वपाको तुलनामा अहिलेका ठूला दलहरू कांग्रेस, एमाले र माओवादी निकै संघर्षपूर्ण तथा त्यागको बाटो पार गर्दै आएका हुन् । यस्ता दलहरू पनि आजको दिनमा देशको सामाजिक आर्थिक रूपान्तरणको लागि अयोग्य देखा परेका छन् ।

दलभित्र असल र क्षमतावान् व्यक्तिको कमि भएर पुराना दलहरू असफल भएका होइनन् । यिनीहरूले राज्य सञ्चालनका संस्थाहरू (कतबतभ ष्लकतष्तगतष्यलक) जस्तै संसद्, मन्त्रालय, राजनीतिक दलहरू आदिको दिगो जग, सामूहिक र संस्थागत क्षमताको विकास गर्न नसक्दा हामी सबैले आजको परिणाम भोग्नुपरेको छ। त्यसैले, गठबन्धनमा कुनै नयाँ दल र अनुहारहरू थपिँदैमा सरकार सञ्चालनको प्रकृतिमा त्यसले तात्विक फरक पार्न सक्दैन ।

यी पुराना दलहरूको असफलता र यसले राष्ट्रिय रुपमा निम्त्याएका परिणामहरू बुझ्न नखोजी यिनीहरूसँगै गठबन्धनको च्याँखे थाप्न जाने हतारोले रास्वपा जसरी उदायो, त्यसैगरी अस्ताउने बाटो रोजेको छ ।

गठबन्धनको पक्ष बनेर भागबन्डामा मन्त्री हुनेहरूको नैतिक र राजनीतिक धरातल कमजोर हुन्छ र यो बाटो नै गलत हो। यसले मन्त्री पदको वजन र वैधानिकतालाई खल्लो बनाइदिएको छ । गठबन्धनको सरकारमा रहेर मन्त्रीहरूले दैनिक प्रशासनिक काम (जुन काम गर्न मन्त्री भए पनि नभए पनि फरक पर्दैन) बाहेक परिणाममुखी काम गर्न सम्भव छैन । किनभने, हाम्रा मन्त्रालयहरूको क्षमता, संस्थागत संरचना, मन्त्रीहरूकै वैधानिकता, कर्मचारीहरूको काम गर्ने शैली र संस्कारमा समस्या मात्र छन् ।

यस्तो सरकारमा रहेका चतुरे मन्त्रीहरूले गर्ने काम भनेको धारावाहिक रूपमा निर्देशन दिइरहने र आफूलाई पपुलिज्मको वरिपरि घुमाइरहने हो । उदाहरणको लागि, पूर्व पर्यटन मन्त्री सुदन किराती लगायतले गठबन्धनका मन्त्रीहरू कसरी पपुलर हुनसक्छन् भनेर मार्ग निर्देशन गरिसकेका छन्। यो मार्गमा रास्वपा अरू दलका मन्त्रीहरू भन्दा अगाडि दौडिनेछ ।

चुनाव अगाडि बाचापत्र मार्फत आफूले निर्माण गर्न खोजेको राजनैतिक आधार र सीमा मिचेर गठबन्धनको राजनीतिमा सामेल रास्वपा कुन अर्थमा भोलिको विकल्प र जिम्मेवार राजनीतिक दल बन्न सक्ला ? यो प्रश्नको जवाफ नमिल्दै रास्वपा अस्त पनि हुनसक्छ ।अनलाइन खवर

# बङ्गलादेशका पारवहनमन्त्री चौधरी नेपाल भ्रमणमा

**टुडे समाचारदाता**



झापा । बङ्गलादेशका पारवहनमन्त्री खालिद महम्मद चौधरी शनिबार नेपाल भ्रमणमा आएका छन् ।

मेची भन्सार कार्यालयका प्रमुख रामप्रसाद रेग्मीका अनुसार काठमाडौँमाशनिबारदेखिआयोजना हुने नेपाल र बङ्गलादेशबीच मन्त्रिस्तरीय वार्तामा सहभागी हुन बङ्गलादेशी प्रतिनिधिमण्डलको नेतृत्व गर्दै पारवहनमन्त्री चौधरी काँकडभिट्टाको स्थलमार्ग हुँदै नेपाल आएका हुन् । उनले यहाँस्थित सुक्खा बन्दरगाहको अवलोकन गरेका थिए । मन्त्री चौधरीलाई मेची भन्सार कार्यालयका प्रमुख रेग्मी र काँकडभिट्टा सुक्खा बन्दरगाहका प्रमुख अम्बिका सुवेदीले नेपाल तथा बङ्गलादेशबीचको पारवहन मार्गको सञ्चालन, द्विदेशीय व्यापारलगायत विषयमा जानकारी गराएका थिए ।

मन्त्री चौधरी नेपाल-बङ्गलादेशबीचको स्थल पारवहन मार्गको बङ्गलादेशी नाका बङ्गलाबन्ध हुँदै भारत आएका थिए । नेपाल आउनुअघि उनले भूटानको फुन्चोलिङस्थित नवनिर्मित सुक्खा बन्दरगाहको पनि अवलोकन गरेको बताइएको छ ।

कोभिड-१९ महामारीका कारण भएको बन्दाबन्दीपश्चात् पूर्वीनाका काँकडभिट्टाबाट नेपाल प्रवेश गर्न चाहने भूटानी नागरिकबाहेक तेस्रो मुलुकका नागरिकलाई भारतले प्रवेशाज्ञा अनुमति दिएको थिएन । चार वर्षयता पूर्वी नाका भएर नेपाल आउनुहुने उहाँ पहिलो बङ्गलादेशी उच्चस्तरीय पाहुना छन् । मन्त्री चौधरीको नेतृत्वमा आएको नौ सदस्यीय प्रतिनिधिमण्डललाई मेची भन्सार कार्यालयका प्रमुख रेग्मी, बन्दरगाहकी प्रमुख सुवेदी, काठमाडौँस्थित बङ्गलादेशको दूतावासका उपप्रमुख इसरात जहानलगायतले स्वागत गरे ।

बङ्गलादेशका प्रतिनिधिमण्डलमा बङ्गलादेश स्थल बन्दरगाह प्राधिकरणका अध्यक्ष महम्मद जिलुर रहमान चौधरी, बङ्गलादेश पारवहन मन्त्रालयका संयुक्त सचिव मुन्सी महम्मद मोनिरुज्मान, बङ्गलादेश स्थल बन्दरगाह प्राधिकरणका सञ्चालक समितिका सदस्य जियाउद्दिन अहमद भुइयान, बङ्गलादेश पारवहन मन्त्रालयका वरिष्ठ सूचना तथा जनसम्पर्क अधिकृत महम्मद जाहगिर आलम खान, बङ्गलादेशको विदेश मन्त्रालयका सहसचिव महम्मद माहादे आलम बिन्दु, बङ्गलादेश स्थल बन्दरगाह प्राधिकरणका सुपरीवेक्षक महम्मद हसन, आइमा इन्टरनेसनल बिडी लिमिटेडका अध्यक्ष खालिलुर रहमान र पारवहनमन्त्री चौधरीका निजी सचिव महम्मद मुक्तादिर हुसेन छन् । उक्त प्रतिनिधिमण्डल चन्द्रगढी विमानस्थल हुँदै शनिबारनै काठमाडौं प्रस्थान गरेका छन् ।

# 'कांग्रेसको राजनीतिलाई नयाँ शिराबाट अगाडि बढाउनुपर्छ'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले झापामा कांग्रेसले गुमाउदै गएको शाखलाई पुनःजागरण गर्न जिल्लाका कांग्रेसको राजनीतिलाई नयाँ शिराबाट अगाडि बढाउनु आवश्यकता रहेको बताएका छन् ।

कांग्रेसका केन्द्रीय सदस्य तथा पूर्वमन्त्री केशवकुमार बुढाथोकीको ४५औं पुण्यतिथिमा नेपाली कांग्रेस झापा-काठमाडौं सम्पर्क समितिले आयोजना गरेको 'श्रद्धाञ्जलि सभा'मा उनले झापा कांग्रेसको सङ्गठन निर्माणमा बुढाथोकीको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै झापा कांग्रेसलाई अब नयाँ शिराबाट अगाडि बढाउनुपर्ने आवश्यकता रहेको बताए ।



© RSS

उनले झापामा बुढाथोकीको जनस्तरमा राम्रो सम्बन्ध रहेको बताउदै उनमा सबैलाई समेटेर लैजाने क्षमता रहेको रहेको र जसका कारण विस २०६४ सालको संविधानसभा निर्वाचनमा झापाका सबै क्षेत्रमा कांग्रेस पराजित हुँदा पनि आफु विजयी भएर देखाएको बताए ।

महामन्त्री शर्माले आफ्नो पिता नहिँडेको राजनीतिक बाटोमा हिँड्नुभएका स्वर्गीय बुढाथोकीले समाजलाई सङ्गठित रुपमा अगाडि बढाउन महत्वपूर्ण भूमिका खेलेको स्मरण गरे । "स्वर्गीय बुढाथोकीमा खुला सम्बन्ध, कार्यकर्ताको काम गर्न रुचाउने, मनमा जे लाग्यो त्यही गर्ने, हक्की र आँटिलोपन थियो, जसका कारण उहाँ झापा कांग्रेस र सिङ्गो पार्टीभित्र सबैले रुचाइएको व्यक्ति हुनुहुन्थ्यो", उनले भने ।

उनले नेपाली राजनीतिमा गठबन्धन परिवर्तन हुँदा राजनीतिक सङ्कट निम्तियो भनेर आत्तिन नहुने धारणा राख्दै संसद्मा उपप्रधानमन्त्री एवम् गृहमन्त्रीको राजीनामा माग्ने पार्टीको संस्थागत निर्णय नभएको भन्दै राजनीति सुधार गर्छु भन्ने दलले नै आरोप व्यक्ति नै अनुसन्धान गर्ने निकायमा पठाउँदा आम जनतामा शङ्का उत्पन्न भएको उल्लेख गरे ।

कांग्रेस केन्द्रीय सदस्य महेन्द्र सुब्बा लिम्बुले स्वर्गीय बुढाथोकी झापामात्र नभई सिङ्गो मुलुकको नेता भएको बताए । उनले बुढाथोकीको योगदानलाई अगाडि बढाउन झापा कांग्रेस र सिङ्गो पार्टी लाग्नुपर्ने उल्लेख गरे । नेपाली कांग्रेस इलामका सभापति डम्बर खड्काले बुढाथोकी विकासप्रेमी र निडर नेता भएको बताए । अखिल नेपाल फुटबल सङ्घ (एन्फा)का अध्यक्ष पङ्कज विक्रम नेम्वाङले बुढाथोकीमा कसैलाई अन्याय भएको देख्न नसक्ने विशेषता भएको व्यक्तिका रुपमा स्मरण गरे ।

नेपाली कांग्रेस झापा-काठमाडौं सम्पर्क समितिका सभापति दीपक उप्रेतीले बुढाथोकी झापामात्र नभई मुलुककै अभिभावक भएको बताए । विस २००१ मा जन्मनुभएका बुढाथोकीको विस २०८० माघ २२ गते ७९ वर्षको उमेरमा निधन भएको थियो ।

# साइक्लिङ प्रदूषणरहित यात्रा रहेको : मुख्यमन्त्री जम्कटेल

**टुडे समाचारदाता**

चितवन । बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदुषणरहित वातावरण र स्वस्थय जीवनशैलीका लागि सायकलको प्रयोग गर्नुपर्ने बताएका छन् ।

प्रज्ञा स्मृति प्रतिष्ठानले शनिबार आयोजना गरेको 'प्रज्ञा स्मृति साइक्लिङ प्रतियोगिता'को उद्घाटन गर्दै उनले साइकलको प्रयोग गर्दा हुने फाइदाका बारेमा जानकारी गराउन आवश्यक रहेको बताए ।उनले साइक्लिङ प्रदूषणरहित यात्रा रहेको बताउदै यसले स्वच्छ वातावरण निर्माणमा महत्वपूर्ण भूमिका खेल्ने बताए । गाडीको विकल्पका रुपमा साइकलको प्रयोग गर्न सके मानव स्वास्थ्यलाई फाइदा हुने उनको भनाइ छ ।

मन्त्री जम्कट्टेलले सहिदका सपना पूरा गर्नका लागि अविचलित भएर लाग्नुपर्ने बताए । उनले भने, " विभिन्न समयमा आन्दोलनमा लागेर सहिद भएकाको सपना भनेको समाजलाई व्यवस्थित बनाउने, सुशासन कायम गराउने, जनआधारित शासन प्रणाली सञ्चालन गर्ने हो ।

त्यसलाई पूरा गर्नका लागि अविचलित भएर हामी लाग्नुपर्छ ।"कार्यक्रमका संयोजक सन्तु दराईले नेपालीको स्वास्थ्य अवस्था राम्रो राख्नका लागि साइकलको प्रयोग बढाउनु पर्ने सन्देश दिने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको बताए ।

# संसदमा निराशा व्याप्त हुँदा नागरिकमा आशा पलाउन सक्दैन : सांसद मोहन आचार्य

काठमाण्डु । संसदमा धेरै थरी विचार बोक्ने राजनीतिक दल र व्यक्ति छन् । शासन व्यवस्था सञ्चालन, कानुन निर्माण, विकास निर्माणलगायत विषयमा हाम्रा भिन्नाभित्रै शैली, सिद्धान्त र विचारधारा छन् । यही कारण सामूहिकताका साथ विधि, कानुन बन्न सकिरहेका छैनन् । यसमा ढिलाइ हुने गरेको महसुस भइरहेको छ ।

संविधान कार्यान्वयनका लागि प्राथमिकताका साथ कानुन बनाउनुपर्ने थियो तर छोटो समयमा सरकार परिवर्तन भइरहने र एउटै दलले सरकार बनाउन नसक्ने भएपछि गठबन्धनमा जानुपर्ने परिस्थितिका कारण पनि कानुन निर्माणमा ढिलाइ भएको छ । सबै दलले जुनसुकै विषयमा आ-आफ्नो मतैक्यता र मतभिन्नता राख्न सक्छन् । कानुन निर्माणमा पनि मतभेद हुन स्वाभाविक हो । सबैले स्वीकार गर्ने र सर्वसम्मति बनाउनेमा ढिलो भइरहेको छ । गठबन्धन भएर सरकार बन्नुपर्ने अवस्था छ । तर सबै दलले आ-आफ्नो 'एजेन्डा'मा अडान लिँदा कतिपय विषयमा दलहरुबीच कुरा नमिल्दा पनि कानुन निर्माणमा ढिलाइ भइरहेको छ ।

सङ्घीयता कार्यान्वयनसँग सम्बन्धित धेरै कानुन बन्न बाँकी छन् । ती कानुन चाँडो बन्नुपर्छ भन्ने हामी सबैको चाहना छ । कतिपय कानुन नयाँ बनाउनुपर्ने छन् भने केही कानुन संशोधन तथा परिमार्जन गर्नुपर्नेछ । कानुन निर्माणका क्रममा नेपाली कांग्रेसले जिम्मेवारीका साथ भूमिका निर्वाह गर्छ । संसद्मा उठेका विषयमा पर्याप्त सुनवाइ हुँदैन ।

संसद्मा उठ्ने धेरैजसो विषय सुशासन र विकास पूर्वाधारसँग जोडिएका हुन्छन् । यो चाहियो, त्यो चाहियो भनेर पूर्वाधार आयोजनासँग सम्बन्धित माग बढी हुन्छन् । हामीसँग स्रोत कम छ, तर आवश्यकता बढी छन् । स्रोत अभावकै कारण संसद्मा हामीले उठाएका सबै विषय तत्काल सम्बोधन गर्नसक्ने अवस्थामा सरकार छैन । हाम्रो आन्तरिक राजस्वले साधारण खर्च धान्दैन । यस्तो अवस्थामा बजेटको आकार मात्रै बढाउने र दायित्व थपिइरहने हो भने हामी समृद्धिको लय पक्रिन सक्दैनौँ ।

यो प्रवृत्तिलाई पुनः विचार गर्नुपर्ने बेला आइसकेको छ । नीतिगत सुधारको प्रस्थान विन्दु खोज्न ढिला भइसक्यो । यही परम्परागत शैलीले अब हाम्रा समस्या समाधान हुँदैनन् । सांसदहरुले आफ्ना कुरा राख्ने, संसद्को रेकर्डमा जाने र कार्यान्वयन नहुने अवस्था हट्नुपर्छ । सबै राजनीतिक दल यस विषयमा गम्भीर हुन जरुरी छ । जुनसुकै दल प्रतिपक्षमा भए पनि आवाज त उठाउँछन्, तर आफैँ सरकारमा जाँदा त्यसको कार्यान्वयन गर्न सकेका हुँदैनन् । यो हाम्रो समस्या हो, जुन मुलुकको अर्थतन्त्रको अवस्थासँग जोडिन्छ ।

नागरिकले सडक, पुल, खानेपानी, कृषिलगायत पूर्वाधारका क्षेत्रमा माग गरेका हुन्छन् तर राज्यले कुन क्षेत्रलाई प्रवर्द्धन गर्छ र प्राथमिकतामा राख्छ भन्ने स्पष्ट छैन । विनियोजन कुशलता नदेखिएको, शक्ति र पहुँचका आधारमा बजेट विनियोजन भएको र विकासमा विभेद भएको भनेर पनि सुनिने गरेको छ । यी विषयहरु कतिपय सत्य भएर नै उठेका होलान् । सबै सांसदलाई आफ्नो क्षेत्रको विकास गर्नु छ । विकास पूर्वाधारमा, सेवा सुविधामा आफ्नो ठाउँलाई सम्पन्न बनाउनु छ तर हामीसँग त्यसका लागि



"

काम गर्ने शैली उस्तै छ, कानुन बनाउने प्रक्रिया उस्तै छ । यसले नतिजा दिन सक्दैन । जनताले चाँडै नतिजा चाहेका छन् । कानुन छिटो ल्याउन सकिने तरिका होलान् । त्यसबारे सोचौँ, छलफल गरौँ र चाँडो निकास निकालौँ ।

●●●

चाहिने पर्याप्त स्रोत छैन । पर्याप्त पूँजी नहुनु हाम्रो समस्या हो । हाम्रो अर्थतन्त्रको आकार नै सानो छ, यसलाई बढाउनुपर्छ । त्यसका लागि हाम्रो काम गर्ने शैली, प्राथमिकताका क्षेत्र निर्धारण, कानुनी तथा संरचनागत सुधारलगायत कुरा परिवर्तन गर्न आवश्यक छ ।

अभाव नै अभावबीच हामी नेपाली जनतालाई वितृष्णा बाँडिरहेका छौँ भन्ने लाग्न थालेको छ । आफ्नो राजस्वले साधारण खर्च पनि धान्न नसक्ने र दैनिक खर्च चलाउनकै लागि ऋण लिनुपर्ने अवस्थामा हामी जाँदैछौँ । हाम्रो ऋणको आकार ठूलो हुँदै गएको छ । न विकास हुन्छ, न ऋणको आकार घट्छ । बरु त्योभन्दा एकैपटक धेरै ऋण लिएर उत्पादन तथा पूँजी निर्माणका क्षेत्रमा लगाउने र त्यसबाट अर्थतन्त्रको आकार बढाएर बिस्तारै साधन स्रोत सम्पन्न हुँदै जाने पो हो कि ! केही देशले आफ्नो जिडिपी आकारभन्दा ठूलो ऋण लिएका पनि छन् । त्यसरी ऋण लिएर त्यसबाट पूँजी सृजना हुन्छ, प्रतिफल आउँछ र तिर्न पनि सजिलो हुन्छ । तर हामी त साधारण खर्च धान्नकै लागि ऋण लिनपर्ने अवस्थामा पुगिसकेका छौँ ।

चालु आर्थिक वर्षको बजेट ल्याउँदै गर्दा दोस्रो चरणको आर्थिक सुधारका लागि प्रयास थाल्ने भनिएको थियो । हुन त सरकारका सिद्धान्त प्राथमिकता, नीति तथा कार्यक्रममा सबै कुरा समेटिएका हुन्छन् तर सरकारको नेतृत्वमा बसेका व्यक्तिले के कुरालाई प्राथमिकतामा राख्छन् भन्ने महत्वपूर्ण कुरा हो । नेपालमा जति पनि आर्थिक र वित्तीय क्षेत्रसँग समस्या देखिएका छन्, त्यसको मूल कारण भनेको पूँजी निर्माणका क्षेत्रमा लगानी हुन नसक्नु हो । कुन क्षेत्रमा लगानी गर्ने भनेर राज्यले अझै देखाइदिएको छैन । यो अस्पष्ट छ ।

अनुत्पादक क्षेत्रमा लगानी भएर पैसा थुप्रिएको छ । उदाहरणका लागि घरजग्गा क्षेत्रमा लगानी बढ्ने र त्यसको मूल्य मात्रै बढिरहने भयो भने हामीलाई त्यसले के फाइदा भयो त ? यसले केही पनि फाइदा हुँदैन । हाम्रो लगानी उत्पादनका क्षेत्रमा केन्द्रित गर्नेगरी राज्यले नीति अवलम्बन गर्ने र त्यसको कार्यान्वयनका लागि प्राथमिकताका साथ अघि बढ्नु अहिलको आवश्यकता हो । हामी अझै त्यो चरणमा पुग्न सकेका छैनौँ ।

यद्यपि, केही सकारात्मक प्रयास भएका छन् । उदाहरणका लागि पछिल्लो समय छिमेकी मुलुक भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यात गर्न सक्नेगरी सम्झौता गरेको छ । यसले लगानीको क्षेत्र पहिचानमा मद्दत गर्छ । कृषि, पर्यटनका क्षेत्रमा पनि राज्यले सहयोग गर्नुपर्छ । हाम्रो पूर्वाधार निर्माण गर्न मोडल परिवर्तन गर्न ढिला भइसक्यो । जहाँका जनताको खर्च गर्न सक्ने क्षमता बढी छ, त्यहाँ राज्यले न्यून लगानी गर्छ भने जहाँ कम छ त्यहाँ बढी लगानी आवश्यक हुन्छ । सबै विकास आवश्यकता सरकारी स्रोतबाट पूर्ति गर्न नसकिने भएकाले सार्वजनिक निजी साझेदारीलगायत विकास अवधारणामा हामी जान सक्छौँ ।

सांसद कतिको अनुभवी छन् भन्ने कुराले संसद् र संसदीय समितिका काम कति प्रभावकारी ढङ्गले अगाडि बढ्छन् भन्ने निर्धारण हुँदो रहेछ । संसदीय अभ्यासमा भिजिसकेका र पुराना सांसदले त्यो अभ्यास सिकिसक्नु भएको हुन्छ । तर नयाँ सांसदका लागि काम गर्दै र सिक्दै गएका हुन्छन् । सांसदहरुले संसद् र समितिमा कस्तो कुरा उठाउँछन् भन्ने कुराले मुलुकको भविष्य कस्तो निर्धारण हुँदैछ भन्ने प्रतिबिम्बित गर्छ । मुलुकलाई कता लैजाने भने भनेर छलफल हुने ठाउँमा तयारीका साथ जानुपर्छ । हामी आफैँले पनि धेरै कुरा सिक्न बाँकी छ ।

प्रतिनिधिसभा निर्वाचन सकिएको करिब १६ महिना बितिसक्यो तर हामीले गर्न चाहेका कुरा केही पनि पूरा भएका छैनन् । यद्यपि, सबै खराब नै भयो भन्ने पनि होइन । राम्रो गर्छौं भन्ने आशा अझै बाँकी छ । जनप्रतिनिधि नै निराश भए भने आम नागरिकमा कसरी आशा जाग्न सक्छ ? हामीले गरेका वाचा र प्रतिबद्धताअनुसार धेरै काम गर्न बाँकी छ ।

अधिकांश सांसदले आफूले गरेका वाचा पूरा गर्न सक्नुभएको छैन । यो कटुसत्य हो । नागरिकलाई सहज रुपमा सेवा प्रवाह गर्नेमा सरकार र सबै राजनीतिक दल गम्भीर हुन जरुरी छ । सधैँ एउटै तौरतरिका, कार्यशैलीले हामी नयाँ गन्तव्यमा पुग्न सक्दैनौँ । काम गर्ने शैली उस्तै छ, कानुन बनाउने प्रक्रिया उस्तै छ । यसले नतिजा दिन सक्दैन । जनताले चाँडै नतिजा चाहेका छन् । कानुन छिटो ल्याउन सकिने तरिका होलान् । त्यसबारे सोचौँ, छलफल गरौँ र चाँडो निकास निकालौँ ।रासस

# चीन भ्रमणलाई फलदायी बनाउन परराष्ट्रमन्त्रीको छलफल

**टुडे समाचारदाता**

काठमाण्डु । चीन भ्रमणलाई फलदायी बनाउन परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले विभिन्न मन्त्रालयका उच्चपदस्थ अधिकारीसँग छलफल गरेका छन् । शनिबार परराष्ट्र मन्त्रालयमा भएको छलफलमा चीनसँग भएका सम्झौता कार्यान्वयनको अवस्थाका बारेमा जानकारी लिएका थिए ।

सहभागीले ऊर्जा, व्यापार, पर्यटन, सम्पर्क सञ्जाल, कृषि, प्रविधि हस्तान्तरण, सीमा व्यवस्थापनलगायत विषयमा चिनियाँ पक्षसँग छलफल गर्न सुझाव दिएका थिए । उपप्रधानमन्त्री श्रेष्ठले आफ्नो भ्रमणमा दुई देशबीचका सम्बन्धलाई सुदृढ गर्ने तथा द्विपक्षीय पारस्परिक सहायता अभिवृद्धिका बारेमा केन्द्रित हुने बताए । "अहिलेको मेरो चीन भ्रमणले दुई देशबीचको सम्बन्धलाई थप मजबुद र पारस्परिक सहयोगात्मक सम्बन्धलाई पनि राम्रो बनाउने छ", उनले भने, "अहिलेसम्म भएका सम्झौताको कार्यान्वयन प्रक्रियाका बारेमा चिनियाँ पक्षसँग छलफल हुनेछ ।"



छलफलमा राष्ट्रिय सुरक्षा सल्लाहकार शङ्करदास वैरागी, परराष्ट्र मन्त्रालयका सचिव सेवा लम्साल, अर्थ मन्त्रालयका सचिव (राजस्व) डा रामप्रसाद घिमिरे, रक्षा मन्त्रालयका सचिव किरणराज शर्मा, ऊर्जा सचिव गोपालप्रसाद सिग्देल, सिँचाइ सचिव सुशीलचन्द्र तिवारीलगायत सहभागी थिए ।

उपप्रधानमन्त्री श्रेष्ठ चिनियाँ समकक्षी वाङ यीको मैत्रीपूर्ण निमन्त्रणमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै यही चैत ११ गते जनवादी गणतन्त्र चीनको भ्रमणमा जाँदै छन् ।

चीनमा रहँदा उनले त्यहाँका विदेशमन्त्री वाङसँग द्विपक्षीय भेटवार्ता गर्ने परराष्ट्र मन्त्रालयले जनाएको छ । भ्रमणका क्रममा उपप्रधानमन्त्री श्रेष्ठले बेइजिङ र अन्य प्रान्तहरूमा जनवादी गणतन्त्र चीनका उच्चस्तरका विशिष्ट व्यक्तिसँग भेटघाट गर्ने कार्यक्रम रहेको मन्त्रालयले जनाएको छ ।


## Ganeshman Charnath Municipality
## Office of the Municipal Executive
**Birendrabazar ,Dhanusha**

**Madhesh Province, Nepal**

## Invitation for Electronic Bids

**Bid Publication date: 2080-12-11**

1. The Office of the Municipal Executive,Ganeshman Charnath Municipality, Dhanusha invites electronic bids from eligible bidders for the Construction works under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations as mentioned in the table below.
2. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the office of the Ganeshman Charnath Municipality on or before 12:00 noon on 2080-12-26. Bids received after this deadline will be rejected.
3. Information to deposit the cost of bidding document :
   **Name of the Bank:** Machhapuchhare Bank
   **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119
   **Office Account no.:** 0710086327900071,
   **Rajaswa (revenue) Shirshak no. :** 14229
4. Bids shall be opened in presence of Bidders' representatives who choose to attend at 14:00 on 2080-12-26 at the office of Ganeshman Charnath Municipality, Birendrabazar, Dhanusha.Bids validity period and bid security amount should be as mentioned in Bid documents. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following Account :
   **Name of the Bank:** Machhapuchhare Bank
   **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119
   **Office Account no.:** 0710086327900091 (Dharauti khata)

| S. N. | Contract Identificaiton No. | Description of Works | Estimated Cost (without VAT,PS & Contigencies) Nrs. | Bid Security Nrs. | Bid Price Nrs. |
|---|---|---|---|---|---|
| 1 | GCM/NCB/ Works/03/2080-81(re-bid) | Chisapani ra Chhotakidamarma khanepani byabasthapan, GCM-05 | 73,88,264.47 | 2,10,000.00 | 3000.00 |

**Chief Administrative Officer**

# रूसी कन्सर्ट हलमा भएको आक्रमणको विश्वभरबाट निन्दा

एएफपी

मस्को ।मस्कोस्थित कन्सर्ट हल (क्रोकस सिटी हल) मा बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा ६० जनाभन्दा बढीको मृत्यु हुनुका साथै १०० भन्दा बढी घाइते भएको घटनाप्रति विश्वभरका नेताहरूले दुःख व्यक्त गरेका छन् ।

शुक्रबार मस्कोको क्रोकस सिटी हलमा भएको आतङ्कवादी हमलामा ६० जनाभन्दा बढीको मृत्यु भएको रूसको अनुसन्धान समिति (आइसीआर) ले पुष्टि गरेको छ । आतङ्कवादी आक्रमणका कारण ६० जनाभन्दा बढीको मृत्यु भएको प्रारम्भिक पुष्टि आइसीआरले गरेको हो । घाइतेहरूको अवस्था गम्भीर रहेकाले मृतकको संख्या थप बढ्न सक्ने आइसीआरले शनिबार बताएको छ ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुका साथै उपचारमा संलग्न चिकित्सकलाई धन्यवाद दिएको रूसी उपप्रधानमन्त्री तात्याना गोलिकोवालाई उद्धृत गरी रूसी सञ्चारमाध्यमहरूले समाचार सम्प्रेषण गरेका छन् । संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले शुक्रबार एक विज्ञप्ति जारी गरी मस्कोमा आजको आतङ्कवादी आक्रमणको कडा शब्दमा निन्दा गर्नुभएको छ । गुटेर्रेसले रूसको आधिकारिक नाम उल्लेख गर्दै शोक सन्तप्त परिवार, जनता र रूसीसरकारप्रति भावपूर्ण समवेदना व्यक्त गर्नुभएको छ ।



संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्ले पनि शोक व्यक्त गर्दै सबै राष्ट्रलाई रूसी सरकार र अन्य अधिकारीहरूसँग आतङ्कवादका यी निन्दनीय कार्यहरूका दोषी र समर्थकहरूलाई जवाफदेही बनाउन र उनीहरूलाई न्यायको कठघरामा ल्याउन 'सक्रिय सहयोग गर्न' आग्रह गरेको छ । "सुरक्षा परिषद्का सदस्यहरूले जघन्य र कायरतापूर्ण आतङ्कवादी आक्रमणको कडा शब्दमा निन्दा गरेका छन्," विज्ञप्तिमा भनिएको छ ।रूसी नेता पुटिनले यस आक्रमणबारे समाचार तयार पार्दासम्म सार्वजनिक रूपमा कुनै टिप्पणी गर्नुभएको छैन ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले यस जघन्य आतङ्कवादी आक्रमणको भर्त्सना गर्दै भन्नुभएको छ,, "दुःखको यस घडीमा भारत सरकार रूसी महासङ्घका जनतासँग ऐक्यबद्धताका साथ उभिएको छ ।"जापानको विदेश मन्त्रालयका प्रेस सचिव कोबायाशी माकीले आक्रमणको निन्दा गर्दै जापानले शोक सन्तप्त रूसी नागरिकप्रति समवेदना प्रकट गर्नुभएको छ । उहाँले घाइते जनप्रति हार्दिक समवेदना व्यक्त गर्नुभएको छ ।

त्यसैगरी, चिनियाँ राष्ट्रपति सी चिनफिङले आक्रमणको कडा शब्दमा निन्दा गर्दै रूसी जनता र राष्ट्रपति पुटिनप्रति समवेदना प्रकट गर्नुभएको छ । चिनियाँ राष्ट्रपति सीले चीनले सबै प्रकारका आतङ्कवादको विरोध गर्ने, आतङ्कवादी आक्रमणको कडा निन्दा गर्ने र आफ्नो राष्ट्रिय सुरक्षा र स्थायित्वको रक्षाका लागि रूसी सरकारको प्रयासलाई दृढतापूर्वक समर्थन गर्ने कुरामा जोड दिनुभएको छ ।

विगत दुई वर्षदेखि रूसी सैन्य आक्रमणको सामना गरिरहेको युक्रेनका राष्ट्रपतिका सहयोगी माइखाइलो पोडोल्याकले टेलिग्राममा लेख्नुभएको छ, "युक्रेनको यस आक्रमणसँग कुनै सम्बन्ध छैन ।"युक्रेनी रक्षा मन्त्रालयको मुख्य गुप्तचर निर्देशनालयले 'मस्कोमा भएको आतङ्कवादी हमला पुटिनको आदेशमा रुसी विशेष सेवाहरूको योजनाबद्ध र सुनियोजित उक्साहट भएको' बताउँदै युक्रेनसँगको युद्धलाई थप चर्काउने र विस्तार गर्ने उद्देश्य रहेको आरोप लगाएको छ ।

अमेरिकाले 'भयानक' गोलीकाण्डका पीडितप्रति समवेदना व्यक्त गर्दै थप जानकारी लिने प्रयास गरिरहेको जनाएको छ ।राष्ट्रिय सुरक्षा परिषद्का प्रवक्ता जोन किर्बीले पत्रकारहरूसँग भन्नुभयो, "यस भयानक गोलीकाण्डका पीडितहरुप्रति हाम्रो समवेदना छ । 'घटनास्थल र वरपरका तस्वीरहरू भयानक छन् र हेर्न गाह्रो छ ।"ह्वाइट हाउसका अनुसार अमेरिकाले मार्चको सुरुमा रूसका अधिकारीहरुलाई मस्कोमा हुने 'ठूलो जमघट'लाई लक्षित गरी 'योजनाबद्ध आतङ्कवादी हमला' हुनसक्ने चेतावनी दिएको थियो ।

युरोपियन युनियन (ईयू) ले मस्को आक्रमणले विश्वलाई स्तब्ध बनाएको जनाएको छ । "इयूले नागरिकमाथि हुने कुनै पनि आक्रमणको निन्दा गर्दछ । प्रभावित सबै रूसी नागरिकप्रति हाम्रो समवेदना छ," ईयूका प्रवक्ताले बताउनुभयो । फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रौँले इस्लामिक स्टेट (आइएस)ले रूसमा गरेको आतङ्ककारी आक्रमणको कडा शब्दमा निन्दा गरेको बताएका छन् ।

"फ्रान्सले पीडित, उनीहरूका प्रियजन र सम्पूर्ण रुसी जनताप्रति ऐक्यबद्धता प्रकट गर्दछ," फ्रान्सको राष्ट्रपतिको कार्यालयले उल्लेख गरेको छ । "मस्को नजिकैको क्रोकस सिटी हलमा निर्दोष मानिसहरूमाथि भएको भयानक आक्रमणका चित्रहरू भयानक छन् । घटनास्थल र पृष्ठभूमिको छिट्टै अनुसन्धान हुनुपर्छ," जर्मनीको विदेश मन्त्रालयद्वार एक्स (ट्विटरमा)मा जारी गरिएको विज्ञप्तिमा भनिएको छ ।

इटालीका प्रधानमन्त्री जियोर्जिया मेलोनीले उक्त आक्रमणलाई 'आतङ्कवादी कार्य' भन्नुभएको छ । "मस्कोमा निर्दोष नागरिकको नरसंहारको भयावहता अस्वीकार्य छ," मेलोनीले एक विज्ञप्ति जारी गर्दै भन्नुभएको छ", "प्रभावित जनता र पीडित परिवारप्रति पूर्ण ऐक्यबद्धता जाहेर गर्नुभएको छ ।"मेक्सिकोको विदेश मन्त्रालयले नागरिकको जीवनविरुद्ध हुने कुनै पनि हिंसात्मक गतिविधिलाई अस्वीकार गर्ने जनाएको छ ।

# फुटबलको विकासका लागि 'एन्फा कम्युनिटी कोचिङ'



**जानकी** । फुटबलको विकासमा सघाउने उद्देश्यले बाँके जिल्ला फुटबल सङ्घको आयोजनामा यहाँ सञ्चालित एन्फा कम्युनिटी कोचिङ सम्पन्न भएको छ ।

चार दिनसम्म सञ्चालन भएको प्रशिक्षणमा बाँके, बर्दिया, सुर्खेत, दाङ, कैलाल, डोटी, कालीकोटका ४३ जनालाई बाँके जिल्ला फुटबल सङ्घका अध्यक्ष एवं एन्फा केन्द्रीय सदस्य भोजराज शाही, नेपाली राष्ट्रिय फुटबल टिमका पूर्वकप्तान हरि खड्काले फुटबल खेलका विविध पक्षबारे जानकारी दिनुभएको थियो । एन्फाले पाँच वर्षअघिदेखि यस्तो तालिम आयोजना गर्दै आएको छ ।

समापन कार्यक्रममा नेपालगञ्ज उपमहानगरपालिका प्रमुख प्रशान्त विष्टले फुटबलको विकासका निम्ति नगरपालिका सकारात्मक रहेको बताउँदै यो खेलको विकासमा सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । पूर्वकप्तान खड्काले दक्ष प्रशिक्षक बिना फुटबलमा सफलता हासिल गर्न असम्भव भएको भन्दै प्रशिक्षणका क्रममा सिकेका सीपलाई व्यवहारमा प्रयोग गर्नुपर्नेमा जोड दिनुभयो ।

बाँके जिल्ला फुटबल सङ्घका अध्यक्ष शाहीले आगामी दिनमा फुटबलको विकासका लागि नियमित रूपमा कार्यक्रम आयोजना गरिने जानकारी दिनुभयोभने सङ्घका उपाध्यक्ष निर्मल चन्दले विविध चुनौतीका बीच सङ्घले फुटबलको विकासका लागि हरसम्भव प्रयास गरिरहेको बताउनुभयो ।रासस

# संयुक्त राष्ट्रसङ्घका प्रमुखद्वारा गाजा भ्रमण गर्ने

एएफपी

गजा ।संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेर्रेसले शनिबार गाजासँगको इजिप्टको सिमानाको भ्रमण गर्ने अपेक्षा गरिएको छ । महासचिव गुटेरेसको यो योजना इजरायलले अमेरिकाको समर्थन बिना पनि नजिकैको शहर रफाहमा हमाससँग लड्न आफ्नो सेना पठाउने बताएपछि बनेको हो ।

भ्रमणको क्रममा, गुटेर्रेसको मानवीय युद्धविरामको आह्वान दोहोऱ्याउने योजना छ । नयाँ अन्तर ाष्ट्रिय दबाबले गाजाको अधिकांश जनसंख्याले शरण लिएको रफाहमा अहिलेसम्म इजरायललाई नियोजित स्थल आक्रमणबाट रोक्न सफल भएको छ । यस्तो कारबाहीले व्यापक नागरिक हताहत हुने र क्षेत्रमा व्याप्त मानवीय सङ्कटलाई अझ बिगार्ने चेतावनीको बावजुद, इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले आक्रमणलाई अगाडि बढाउने बताउनुभएको छ ।



संयुक्त राज्य अमेरिकाको समर्थनमा त्यसो गर्ने आशा ब्यक्त गर्दै आवश्यकताको आधारमा एक्लै लडाईं गर्ने शुक्रबार इजरायल भ्रमणमा रहनुभएका अमेरिकी विदेश मन्त्री एन्टोनी ब्लिन्केनसँग नेतान्याहूले बताउनुभयो । लगभग पाँच महिनाको लडाइँ रोक्न अन्तर ाष्ट्रिय प्रयासहरू तीव्र भएका छन् । हमासद्वारा सञ्चालित गाजाको स्वास्थ्य मन्त्रालयले शुक्रबारसम्म प्यालेस्टिनी क्षेत्रमा ३२ हजार ७० जनाको मृत्यु भएको र संयुक्त राष्ट्र सङ्घले आसन्न अनिकालको चेतावनी दिएको छ ।

"यो मानव निर्मित प्रकोप भएको प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसङ्घीय एजेन्सी (युएनआरडब्लुए) का प्रमुख फिलिप लजारिनीले सामाजिक सञ्जाल एक्समा लेख्नुभएको छ । उहाँले युद्धविराम र गाजामा खाद्यान्न आपूर्ति जीवन बचाउने सामानको एक मात्र समाधान भएको बताउनुभयो ।

"तत्काल युद्धविराममा सुरक्षा परिषद्को प्रस्तावको लागि पछिल्लो प्रयास शुक्रबार असफल भयो । चीन र रूसले अमेरिकी प्रस्तावलाई भिटो गरेका छन् भने यस सन्दर्भमा अरब सरकारहरूले असन्तुष्टि जनाएका छन् । कूटनीतिक स्रोतहरूले सुरुमा शनिबारका लागि मतदानको योजना गरिएको कडा युद्धविराम प्रस्तावमा मतदान गर्न थप छलफलको लागिसोमबारसम्म स्थगित गरिनेछ ।

# मस्कोमा आतङ्ककारी आक्रमणमा ६० जनाको मृत्यु

सिन्ह्वा

मस्को । मस्कोस्थित कन्सर्ट हल (क्रोकस सिटी हल) मा बन्दुकधारीले अन्धाधुन्ध गोली चलाउँदा ६० जनाभन्दा बढीको मृत्यु हुनुका साथै १०० भन्दा बढी घाइते भएका अधिकारीहरूले शनिबार बताएका छन् ।शुक्रबार मस्कोको क्रोकस सिटी हलमा भएको आतङ्कवादी हमलामा ६० जनाभन्दा बढीको मृत्यु भएको रूसको अनुसन्धान समिति (आइसीआर) ले पुष्टि गरेको छ ।

आतङ्कवादी आक्रमणका कारण ६० जनाभन्दा बढीको मृत्यु भएको प्रारम्भिक पुष्टि आइसीआरले गरेको हो । घाइतेहरूको अवस्था गम्भीर रहेकाले मृतकको सत्ॅया थप बढ्न सक्ने आइसीआरले शनिबार बताएको छ । आन्तरिक मामिला मन्त्रालय र सङघीय सुरक्षा सेवाको परिचालन एकाईहरूसँग आफ्ना अनुसन्धानकर्ताले मिलेर काम गरिरहेको आईसीआरले जनाएको छ ।

मृतकको शवको जाँच भइरहेको छ भने अपराध स्थलबाट हतियार र गोलाबारुदसहितका सामग्री प्रमाणस्वरूप जफत गरिएको छ । घटनास्थलमा रहेका आरआईए नोभोस्ती समाचार



संस्थाका सम्वाददाताका अनुसार नकावधारी आक्रमणकारीले शुक्रबार एक्कासी भवनभित्र पसेर गोली चलाउनुका साथै भीडमा विस्फोटक पदार्थ फ्याँकेका थिए । मस्कोको उत्तरी क्रास्नोगोर्स्क उपनगरमा रहेको क्रोकस सिटी हलमा आक्रमणपछि धुँवाको मुस्लो भरिएको र त्यसपछि आगोको ज्वाला फैलिएको थियो ।

आक्रमण हुँदा घटनास्थलमा पुगेका संगीतकर्मी एलेक्सीले भन्नुभयो, कन्सर्ट सुरु हुनुभन्दा केही समय पहिले एक्कासी गोली र भीडमा व्यापक कोलाहल सुनिएको थियो । होहल्लाको लगत्तै त्यहाँ स्वचालित हतियारबाट गोली चलाइएको थाहा भयो । उहाँले भन्नुभयो, "सम्भवतः यो रूसको इतिहासमा निकै विनाशकारी आतङ्ककारी आक्रमणमध्ये एक हो ।"

मानिसहरु आपतकालिन निकासतर्फ दौडिदै गर्दा कन्सर्टमा जानेहरु एक अर्काको टाउकोमा चढेर बाहिर निस्किएको उहाँले बताउनुभयो । रूसी समाचार संस्थाका अनुसार रूसको अनुसन्धान समितिले शनिबार ६० जनाभन्दा बढीको मृत्यु भएको जनाएको छ ।रुसका स्वास्थ्यमन्त्री मिखाइल मुराश्कोले पाँच बालबालिकासहित ११५ जनालाई अस्पताल भर्ना गरिएको र तीमध्ये एकजनाको अवस्था गम्भीर रहेको जानकारी दिनुभयो ।

आक्रमणमा घाइते भएका ११० जना वयस्क व्यक्तिमध्ये ६० जनाको अवस्था गम्भीर छ ।राष्ट्रपति भ्लादिमिर पुटिनका प्रवक्ता दिमित्री पेस्कोभले रूसी समाचार एजेन्सीहरूलाई बताएअनुसार अधिकारीहरूले 'आतङ्कवादी' अनुसन्धान सुरु गरिएको बताएका छन् । राष्ट्रपति भ्लादिमिर पुटिनले आक्रमणपछि ' निरन्तर' घटनाबारे जानकारी लिइरहनुभउको बताइएको छ ।

रूसको नेसनल गार्डले घटनास्थलमा रहेको र आक्रमणकारीको खोजी भइरहेको जनाएको छ । एएफपीका एक संवाददाताले खोजी कुकुरसहित प्रहरी अधिकारीहरूले भवनको छेउमा पार्किङ गरिएका सवारी साधनहरूको निरीक्षण गरिरहेको देखेको बताए । इस्लामिक स्टेट समूहले आफ्ना लडाकुहरूले मस्कोको बाहिरी इलाकामा 'ठूलो जमघट' मा आक्रमण गरेको र सकुशल आफ्नो अखडामा फर्किएको बताएको छ ।

# भारतीय प्रधानमन्त्री मोदी 'अर्डर अफ द ड्रुक ग्याल्पो' बाट सम्मानित

एएनआई

थिम्पू । प्रधानमन्त्री मोदीलाई भूटानको सर्वोच्च नागरिक सम्मान 'अर्डर अफ द ड्रुक ग्याल्पो' बाट पनि सम्मानित गरिएको छ । सम्मानलाई भारतीय प्रधानमन्त्री मोदीले देशका एक अर्ब चालीस करोड जनताको नाममा समर्पित गरेको बताउनुभएको छ । उहाँले भूटानमा भारतीय सहयोगमा बनेको 'ग्याल्त्सुएन जेत्सुन पेमा वाङचुक मदर एण्ड चाइल्ड हस्पिटल'को उद्घाटन पनि गर्नुभएको छ ।

उहाँले नयाँ दिल्ली र थिम्पूबीचको सम्बन्ध निरन्तर बढ्दै जाने र यसले दुई देशका नागरिकलाई फाइदा पुग्ने विश्वास व्यक्त गर्नुभएको छ ।

"म विनम्रताका साथ 'अर्डर अफ द ड्रुक ग्याल्पो' स्वीकार गर्छु । यो पुरस्कार प्रदान गर्नुभएकोमा म भूटानका राजाप्रति आभारी छु । म यसलाई भारतका १४० करोड जनताप्रति समर्पित गर्छु । मलाई यो पनि विश्वास छ कि भारत-भुटान सम्बन्ध निरन्तर बढ्दै जानेछ र हाम्रा नागरिकहरूलाई फाइदा पुग्नेछ," प्रधानमन्त्री मोदीले एक्स (ट्विटरमा)मा पोस्ट गर्नुभएको छ ।

सम्मान प्राप्त गर्ने प्रधानमन्त्री मोदी पहिलो विदेशी विशिष्ट व्यक्ति र समग्रमा यो पुरस्कार पाउने चौथो व्यक्ति बन्नुभएको छ । स्थापित वरीयता र प्राथमिकता अनुसार, 'अर्डर अफ द ड्रुक ग्याल्पो'लाई आजीवन उपलब्धिको लागि सजावटको रूपमा स्थापित गरिएको हो भने यो भूटानी उच्च सम्मान हो ।

प्रधानमन्त्री मोदीलाई बिदाइ गर्न भुटानका राजा जिग्मे खेसर नामग्याल वाङचुक र भुटानका प्रधानमन्त्री दाशो छिरिङ तोब्गे विमानस्थलमा पुग्नुभएको थियो ।

प्रधानमन्त्री नरेन्द्र मोदी र उहाँका भूटानी समकक्षी छिरिङ तोब्गेले थिम्पूमा भारत सरकारको सहयोगमा निर्माण गरिएको 'ग्याल्टसुएन जेत्सुन पेमा वाङचुक मदर एण्ड चाइल्ड' नामक अत्याधुनिक अस्पतालको संयुक्तरूपमा उद्घधाटन गर्नुभएको थियो । नव निर्मित अस्पतालले भूटानमा आमा र बाल स्वास्थ्य सेवाको गुणस्तरमा वृद्धि गर्ने विदेश मन्त्रालयले एक विज्ञप्तिमार्फत जनाएको छ ।

भूटानमा १५० शैयाको अस्पताल निर्माणको लागि भारत सरकारले दुई चरणमा सहयोग गरेको उक्त अस्पताल कूल एक अर्ब १९ करोडको लागतमा निर्माण गरिएको हो । अस्पतालका नयाँ सुविधामा बालरोग, स्त्रीरोग र प्रसूति, एनेस्थेसियोलोजी, अपरेसन थिएटर, शिशुरोग सघन उपचार र बालरोग सघन उपचारका लागि अत्याधुनिक सुविधाहरू हुनेछन् ।भूटानी प्रधानमन्त्री तोब्गेले अत्याधुनिक अस्पताल निर्माणका लागि पूर्ण आर्थिक सहयोग गरेकोमा भारत सरकारप्रति कृतज्ञता व्यक्त गर्नुभएको छ ।

भुटानका स्वास्थ्य मन्त्री टान्डिन वाङचुकले प्रधानमन्त्री मोदीद्वारा अस्पतालको उद्घाटनको प्रतीकात्मक महत्वलाई जोड दिँदै यसलाई दुई देशबीचको स्थायी मित्रताको प्रदर्शनको रूपमा वर्णन गर्नुभयो । मन्त्री वाङ्चुकले अस्पतालका सबै सुविधाहरू भारत सरकारको सहयोग तथा साझेदारीमा निर्माण गरिएको बताउँदै दुई देशबीच बलियो द्विपक्षीय सम्बन्धको आधार बनाउने सहयोगी प्रयासहरू भइरहेको बताउनुभयो ।

भूटानमा रहँदा प्रधानमन्त्री मोदीले भूटानी नरेश र प्रधानमन्त्रीलगायतका शीर्ष नेताहरूसँग भेटवार्ता गर्नुभएको थियो । उहाँहरूबीच द्विपक्षीय कुटनीतिक, आपसी हित र चासोका बिषयमा छलफल भएको बताइएको छ । प्रधानमन्त्री मोदी दुई दिने राजकीय भ्रमण सकेर शनिबार नयाँ दिल्ली फर्किनुभएको छ ।

# अमेरिकामा ६० प्रतिसतले गर्भपतन औषधिको प्रयोग गर्दै

एएफपी

वासिङ्टन । संयुक्त राज्य अमेरिकामा गत वर्ष हरेक १० जना मध्ये छभन्दा बढी महिलाको गर्भपतन औषधिद्वारा गरिएको नयाँ अनुसन्धानले देखाएको छ । यो सन् २०२० को भन्दा ५३ प्रतिशत बढी रहेको तथ्याङ्कले देखाएको छ ।

गर्भपतन अधिकारका लागि काम गर्दै आएको अनुसन्धान समूह 'गुटमाकर इन्स्टिच्युट'ले अमेरिकी सर्वोच्च अदालतले 'रो भर्सेस वेड' मुद्दालाई उल्ट्याएपछि सन् २०२३ सम्म करिब छ लाख ४२ हजार गर्भपतन औषधिको प्रयोगबाट भएको बताएको छ ।

सन् १९७३ मा अमेरिकी सर्वोच्च अदालतले वेडले गर्भावस्थालाई निरन्तरता दिने वा अन्त्य गर्ने निर्णय व्यक्तिको हो, सरकारको होइन भनेर फैसला सुनाएको थियो । मङ्गलबार जारी गरिएको यो तथ्याङ्कमा औपचारिक स्वास्थ्य सेवा प्रणालीमा हुने गर्भपतनको ६३ प्रतिशत गर्भपतन औषधिले गरेको देखिएको छ ।

उच्च अदालतले महिलाहरूले 'मिफेप्रिस्टोन'को पहुँच कसरी पाउँछन् भन्ने कुरामा असर पार्न सक्ने मुद्दामा बहस सुन्नुभन्दा एक हप्ताअघि मङ्गलबार यो तथ्याङ्क सार्वजनिक गरिएको हो । अमेरिकामा सामान्यतया गर्भपतनका लागि 'मिफेप्रिस्टोन' बाहेकका अन्य औषधिको प्रयोगलाई वैध मानिन्छ ।अनुसन्धानकर्ता राचेल जोन्सले भन्नुभयो, "यो वृद्धि कुनै आश्चर्यको कुरा होइन ।"

इन्स्टिच्युटले गर्भपतन प्रदायकहरूलाई सम्पर्क गरेर सङ्कलन गरिएको तथ्याङ्क, स्वास्थ्य सेवा प्रणाली वा गर्भपतन प्रतिबन्ध भएका राज्यहरूमा मानिसहरूलाई पठाइएका गर्भपतन औषधिबाहेक हुने स्व-व्यवस्थित औषधि गर्भपतनलाई अध्ययनमा समावेश गरेको थिएन । अनुसन्धानमा संलग्न नभएका पिट्सबर्गका स्त्री रोग विज्ञ डा. ग्रेस फर्ग्युसनले भन्नुभयो, "'रो भर्सेस वेड'को मुद्दाको फैसला र कोभिड-१९ महामारीपछि टेलिहेल्थमार्फत हुने औषधिद्वारा गरिने गर्भपतनको अनुमतिका लागि ' वास्तवमा ढोका खुल्यो ।"

उहाँले भन्नुभयो, "औषधिको लागि सेवा मागको लागि बढेको मात्रा समायोजन गर्ने साँच्चै राम्रो तरिका टेलीहेल्थ हो ।

यो समयमा अमेरिकामा गर्भपतन कानुनी रुपमा रह्यो र अधिक प्रतिबन्धित राज्यहरूबाट यात्रा गर्ने मानिसहरूमा बृद्धि भएको देखियो ।

अमेरिकी 'फूड एण्ड ड्रग एडमिनिस्ट्रेशन'ले मिफेप्रिस्टोनलाई अनुमोदन गरेदेखि औषधिद्वारा हुने गर्भपतन लगातार बढेको देखिन्छ ।

# सुन्तला जोगाउन किसानमा जागरण



काभ्रेपलाञ्चोक । बेथानचोक गाउँपालिका-४ का किसानलाई सुन्तलाखेतीसम्बन्धी दुईदिने तालिम प्रदान गरिएको छ। त्यहाँका ४० किसानलाई गाउँपालिकाको कृषि विकास शाखाले एकैसाथ तालिम दिएको हो । शाखाले सुन्तला बगैँचा भएका वडाका किसानलाई तालिका बनाएर क्रमशः तालिम दिँदै जाने जनाएको छ।

गाउँपालिकाको सुन्तला प्रवर्द्धन कार्यक्रमअन्तर्गत बगैँचाका बोट सुक्ने, मर्ने फलको गुणस्तरमा कमी आउनेजस्ता समस्या किसानले भोग्नु नपरोस्, सुन्तला जात फलफूलको स्वस्थ बगैँचाबाट राम्रो उत्पादन दिँदै आइरहेकामा केही वर्षपछि उत्पादन घट्ने र बगैँचा अनुत्पादित भएर बोट मर्नसक्ने भएकाले किसानलाई समयमै जानकारी गराउन तालिमको आयोजना गरिएको जनाइएको छ।

जिल्ला कृषि विकास कार्यालयको प्राविधिक सहयोगमा किसानमा ल्याइएको यस जागरणमा बगैँचा स्थानको भौगोलिक विशेषता, स्याहार-सम्भार, मल-जल, रोग-किरा आदि राम्रो व्यवस्थापन गरे किसानले सुन्तलाखेतीबाट राम्रो लाभ लिनसक्ने भएकाले सुन्तला जातका फलफूल बगैँचामा देखापर्ने यस प्रकारको समस्याका कारण यस क्षेत्रमा किसान सचेतीकरण र उपचार गर्न जागरण कार्यक्रम अघि सारिएको हो।

सुन्तालको फल झर्ने समस्या न्यूनीकरणका लागि गाउँपालिकाको कृषि शाखा र वडाले किसानलाई कीटनाशक औषधि तथा बिरुवाका लागि प्रोटिन-ब्रेट वितरण गरिरहेको गाउँपालिकाको कृषि विकास शाखा प्रमुख मधुसूदन दाहालले बताउनुभयो । उहाँका अनुसार उक्त वडामा सुन्तलाखेती बगैँचा निर्माणका लागि आउँदो असारमा पाँच हजार बिरुवा किसानलाई बाँड्ने योजना बनाइएको छ।

पछिल्ला वर्षसम्म सुन्तलाका लागि प्रख्यात काभ्रेपलाञ्चोकको सुन्तला बगैँचामा 'सूक्ष्म खाद्यत्व'को अभाव देखिएको पाइएकाले जिल्लास्थित सुन्तला पकेट क्षेत्रका बगैँचाको स्थलगत अनुगमनका क्रममा सूक्ष्म खाद्य तत्वको अभाव देखिएपछि पुनःजागृत गराउन आवश्यक देखिएको कृषि विकास कार्यालय धुलिखेलले जनाएको छ।

सुन्तला पकेट क्षेत्रका बगैँचाको स्थलगत अनुगमनपछि समस्याग्रस्त सुन्तला बोटलाई पुनःजागृत गराउन कार्यालयले योजनाका साथ पहिलो चरणमा पनौती नगरपालिका-१० सत्यालडाँडामा रहेको पुरानो बगैँचाबाट सुन्तलाको बोटमा उपचार सुरु गरेको छ । पुराना बोट भए पनि समस्याग्रस्त सुन्तला बगैँचाका सुन्तलाका बोट काटेर नष्ट गर्नुको सट्टा सामान्य काँटछाँट गर्ने, ऐँजेरु हटाउने र चुन तथा नीलोतुथोको प्रयोग गरी पुराना बोटलाई उत्पादनशील अवस्थामा फर्काउन पुराना सुन्तलाका बोटको उपचार थालिएको कार्यालयका प्रमुख कुलप्रसाद दवाडीले जानकारी दिनुभयो।

दवाडीका अनुसार कार्यालयले सुन्तलाका बोटको उपचारका लागि बाली संरक्षण प्रयोगशाला हरिहर भवनको सहयोगमा सत्यालडाँडामा रहेका सुन्तला किसानलाई नीलोतुथो, कपरअक्सी क्लोराइड, हाँगा काट्ने आरी, सिकेचर, नीलोतुथो, सुन्तला टिप्ने भऱ्याङ तथा १७ थान स्प्रेयर पम्प ८० प्रतिशत अनुदानमा वितरणसमेत गरिएको छ।

"अन्य समस्याग्रस्त सुन्तला बगैँचामा क्रमशः उपचार गर्दै किसानलाई सहयोग गर्दै जाने र किसानलाई सुन्तलाका बोट जोगाउन जागरण अभियानको योजना बनाउँदै छौँ", दवाडीले भन्नुभयो । सूक्ष्म खाद्य तत्वसँगै जिल्लाका सुन्तला पकेट क्षेत्र तीन नगरपालिका धुलिखेल, पनौती र नमोबुद्ध तथा बेथानचोक गाउँपालिकाको बगैँचामा नाइट्रोजन, फस्फोरस र पोटासको अभाव देखिएको जनाइएको छ।

अभाव हटाउन सामान्य काँटछाँट गर्ने, ऐँजेरु हटाउने, चुन र नीलोतुथो, प्रोटिन बेटको प्रयोग गरी पुराना बोटलाई उत्पादनशील अवस्थामा फर्काउँदा सुन्तलामा सूक्ष्म खाद्य तत्व न्यूनीकरण हुँदै जाने दवाडीले बताउनुभयो । गत वर्ष पनौती-९ स्थित पुरानो सुन्तला बगैँचा पुनःजागृत गराउन काँटछाँट, प्रोटिन बेटको प्रयोग, नीलोतुथो, चुनको प्रयोग र सूक्ष्म खाद्य तत्वको प्रयोग गरी सुन्तलाका बोटको उपचार गर्दा यस वर्ष सुन्तला उत्पादनमा वृद्धि भएको कार्यालयले जनाएको छ।

दवाडीले भन्नुभयो, "जिल्लाका सुन्तला किसानलाई सूक्ष्म खाद्य तत्वको प्रयोग गर्न सुझाव दिँदै आइएको छ, अब स्थानीय तहसँगको सहकार्यमा प्राविधिकसहित उपचारमा जाने छौँ ।" उहाँका अनुसार जिल्लाका सुन्तलाका बोट समस्याग्रस्त अवस्थामा रहे पनि कार्यालयमा चालु आर्थिक वर्षमा सुन्तला प्रवर्द्धनका लागि कुनै कार्यक्रम र बजेट छैन । रोगकै कारण सुन्तला उत्पादनमा कमी हुने भएपछि कार्यालयले प्राविधिक सल्लाह तथा आवश्यक औषधि वितरण गर्दै आएको कृषि प्रसार अधिकृत विवेकानन्द महतले बताउनुभयो । उहाँका अनुसार गत वर्षसम्म जिल्लाभर करिब २० प्रतिशत सुन्तलामा औँसा किराको प्रकोप देखिएको छ। यसका कारण बोटमा रहेका सुन्तलामध्ये दश प्रतिशत कुहिएर झर्ने गर्दछन्।

गत वर्ष छ हजार पाँच सय १४ मेट्रिकटन सुन्तला उत्पादन भएको थियोभने यस वर्ष करिब सात हजार मेट्रिकटन सुन्तला उत्पादन भएको जनाइएको छ । जिल्लाको शर्‌, शारदाबतासे, पनौती, बल्थली, चलाल गणेस्थान, कुशादेवी, रयाले, महेन्द्रज्योति, काभ्रे, पाल्लेखेत, फूलबारी, श्यामपाटी, साँगा, जनागाललगायतका स्थान सुन्तला पकेट क्षेत्र हुन्।

कार्यालयका अनुसार जिल्लामा सुन्तलाखेती हुँदै आएको हाल एक हजार दुई सय ६४ हेक्टर (२५ हजार रोपनी) जमिनमा वार्षिक करिब सात हजार मेट्रिकटन सुन्तला उत्पादन हुँदै आएको छ । केही वर्षअघिसम्म काभ्रेपलाञ्चोकमा वार्षिक रु ४० करोडभन्दा बढी सुन्तला बिक्रीबाट भित्रिने गर्दथ्यो ।रासस

# बजेट घाटा एक खर्ब ३७ अर्ब, व्यापार घाटा नौ खर्ब २९ अर्ब



काठमाण्डु । मुलुकको अर्थतन्त्रको बाह्य क्षेत्रमा विस्तारै सुधार देखिन थाले पनि सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्र भने अझै चुनौतीपूर्ण देखिएको छ । सरकारको आम्दानी तथा खर्च, सार्वजनिक ऋण व्यवस्थापन, सरकारी कोष तथा साधन स्रोतको परिचालनलगायत क्षेत्रमा अनेकौँ समस्या मुलुकले भोगिरहेको छ।

नवनियुक्त अर्थमन्त्री वर्षमान पुनले मन्त्रालयको जिम्मेवारी सम्हालेपछिको पहिलो सार्वजनिक कार्यक्रममा सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा समस्या रहेको र त्यसलाई सुधार गर्ने विषय आफ्नो पहिलो प्राथमिकतामा पर्ने बताउनुभएको थियो । यही चैत ३ गते राष्ट्रिय वाणिज्य बैङ्कले आयोजना गरेको 'आरबिबिएल म्यानेजमेन्ट कन्फ्रेन्स २०२४'मा अर्थमन्त्री पुनले सार्वजनिक वित्तको क्षेत्र सुधारमार्फत लक्ष्यअनुसार राजस्व सङ्कलन गर्ने तथा विकास बजेट खर्च बढाउने गरी काम गर्ने बताउनुभएको थियो । हरेक औपचारिक तथा अनौपचारिक कार्यक्रममा उहाँले सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रका समस्याबारे बोल्ने गर्नुभएको छ।

सत्ता साझेदार पाँच राजनीतिक दलले गत मङ्गलबार सार्वजनिक गरेको ' न्यूनतम नीतिगत प्राथमिकता र साझा सङ्कल्प' ले पनि सार्वजनिक वित्तको दिगो व्यवस्थापनमा चुनौती रहेको उल्लेख गर्दै राजस्व र खर्चबीच बढिरहेको अन्तरलाई कम गर्न राजस्व सुधार, सरकारी खर्चमा मितव्ययिता, वैदेशिक सहयोगका नवीन स्रोतहरूको पहिचान र परिचालन गरिने उल्लेख गरेको छ । विभिन्न सरकारी निकायले सार्वजनिक गरेका तथ्याङ्क हेर्दा पनि सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्र अझै चुनौतीपूर्ण देखिन्छ।

महालेखा नियन्त्रक कार्यालयका अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को दोस्रो चौमासिक अवधिसम्ममा मुलुकले रू एक खर्ब ३७ अर्बभन्दा ठूलो बजेट घाटा व्यहोरेको छ । गत साउनदेखि फागुन मसान्तसम्मको आठ महिनाको अवधिमा सरकारको आम्दानीभन्दा खर्च रू एक खर्ब ३७ अर्ब ७४ करोड ९९ लाख बढी छ । कार्यालयका अनुसार यो आठ महिनामा कूल रू छ खर्ब ६३ अर्ब ८३ करोड २९ लाख बराबर आम्दानी गर्दा सरकारले रू आठ खर्ब एक अर्ब ५८ करोड २८ लाख खर्च गरेको छ । अर्थात् मुलुकले गर्ने आम्दानी र खर्च बीचको खाडल निरन्तर बढिरहेको छ।

यो अवधिमा सरकारले कर राजस्वतर्फ रू पाँच खर्ब ७८ अर्ब ६७ लाख २६ हजार र गैरकर राजस्वतर्फ रू ६० अर्ब ३७ करोड ७५ लाख असुली गरेको छ भने रू दुई अर्ब ७५ करोड ८० लाख बराबर वैदेशिक अनुदान उठाएको छ। जबकि, सरकारको वार्षिक लक्ष्य हेर्दा कर राजस्वतर्फ रू १३ खर्ब पाँच अर्ब ४७ करोड ९६ लाख, गैरकर राजस्वतर्फ रू एक खर्ब १७ अर्ब छ करोड २१ लाख बराबर उठाउने लक्ष्य छ । चालु आवमा रू ४९ अर्ब ९४ करोड ३० लाख बराबर वैदेशिक अनुदान सहायता लिने सरकारको योजना छ । फागुन मसान्तसम्मको कूल राजस्व असुली वार्षिक लक्ष्यको ४५ दशमलव ०८ प्रतिशत मात्रै छ। जसमध्ये कर राजस्व असुली ४४ दशमलव ३३, गैरकर राजस्व असुली ५१ दशमलव ५७ र वैदेशिक अनुदान प्राप्ति पाँच दशमलव ५२ प्रतिशत मात्रै हो।

चालु आवको सुरुआती आठ महिनामा वार्षिक लक्ष्यको आधा जति पनि राजस्व उठ्न नसकेको अवस्थामा बाँकी चार महिनाको अवधिमा उठ्ने राजस्वले कसरी वार्षिक लक्ष्य प्राप्ति हुन्छ भन्ने प्रश्न उठेको छ ।सरकारको आम्दानी मात्र नभई खर्चको अवस्था पनि निराशाजनक छ। चालु प्रकृतिको साधारण खर्च र सार्वजनिक ऋणको साँवा-ब्याज भुक्तानीमा हुने वित्तीय व्यवस्थातर्फको खर्चको दायित्व बढिरहेको छ भने पूँजी सृजना गर्ने विकास खर्चमा उल्लेख्य सुधार देखिन सकेको छैन।

सरकारी खर्चको अवस्था हेर्दा दोस्रो त्रैमासिक अवधिसम्ममा चालुतर्फ वार्षिक लक्ष्यको ५० दशमलव ९८ प्रतिशत अर्थात् रू पाँच खर्ब ८२ अर्ब १० करोड ९९ लाख रहेको छ । पूँजीगततर्फ वार्षिक लक्ष्यको २६ दशमलव ८९ प्रतिशत अर्थात् रू ८१ अर्ब २१ करोड ४८ लाख बराबर खर्च भएको छ। यही अवधिमा वित्तीय व्यवस्था शीर्षकमा वार्षिक लक्ष्यको ४४ दशमलव ९७ प्रतिशत अर्थात् रू एक खर्ब ३८ अर्ब २५ करोड ८१ लाख बराबर खर्च भएको छ। चालु आवका लागि लागि सरकारले चालुतर्फ रू ११ खर्ब ४१ अर्ब ७८ करोड ४१ लाख, पूँजीगततर्फ रू तीन खर्ब दुई अर्ब सात करोड ४४ लाख र वित्तीय व्यवस्थातर्फ रू तीन खर्ब सात अर्ब ४५ करोड ३६ लाख बराबर विनियोजन गरेको थियो।

गत माघ अन्तिम साता मात्रै सरकारले चालु आर्थिक वर्षको बजेटको अर्धवार्षिक समीक्षामार्फत राजस्व र खर्चको अनुमान घटाएको थियो । सुरुआती विनियोजित बजेटको ८७ दशमलव ३८ प्रतिशत अर्थात् रू १५ खर्ब ३० अर्ब २६ करोड ६२ लाख बराबर मात्रै बजेट खर्च गर्नेगरी संशोधित अनुमान तय गरिएको छ । सुरुआती विनियोजनको तुलनामा चालु शीर्षकमा ८८ दशमलव ८४, पूँजीगत शीर्षकमा ८४ दशमलव १३ प्रतिशत र वित्तीय व्यवस्था शीर्षकमा ८७ दशमलव ३९ प्रतिशत खर्च हुने अनुमान सरकारको छ।

सरकारको आम्दानी र खर्चमा असन्तुलन बढ्दै जाँदा सार्वजनिक ऋणको खाडल पनि बढ्दै गएको छ। घाटा बजेट पूर्तिका लागि सरकारले आन्तरिक र बाह्य ऋण लिने गर्दछ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आवको फागुन मसान्तसम्ममा नेपालको कूल सार्वजनिक ऋण रू २३ खर्ब ८८ अर्ब २६ करोड नाघेको छ। यो अवधिसम्ममा आन्तरिक ऋणको दायित्व रू ११ खर्ब ८५ अर्ब ८२ करोड बराबर छ भने बाह्य ऋणको दायित्व रू १२ खर्ब दुई अर्ब ७३ करोड बराबर छ। गत माघपछि नेपालको आन्तरिक ऋणभन्दा बाह्य ऋणको आकार बढी देखिएको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आवको आठमा महिनामा रू एक खर्ब ६६ अर्ब ५८ करोड बराबर सार्वजनिक ऋण थपिएको छ। गत असार मसान्तसम्ममा कुल सार्वजनिक ऋण रू २२ खर्ब २१ अर्ब ६७ करोड थियो । चालु आवको दोस्रो चौमासिक अवधिसम्ममा आन्तरिक ऋणको साँवा भुक्तानीमा रू एक खर्ब दुई अर्ब ९७ लाख र ब्याज भुक्तानीमा रू ४३ अर्ब ६७ करोड गरी कूल रू एक खर्ब ४६ अर्ब ६४ करोड बराबर खर्च भएको देखिन्छ। यही अवधिमा बाह्य ऋणको साँवामा रू २३ अर्ब छ करोड र ब्याजमा रू पाँच अर्ब ७९ करोड गरी कूल रू २८ अर्ब ८६ करोड बराबर खर्च भएको कार्यालयको विवरणमा उल्लेख छ।

सरकारको आम्दानी र खर्चको असन्तुलन तथा ऋणको चापसँगै वैदेशिक व्यावारमा देखिएको असन्तुलनमा पनि मुलुकको अर्थतन्त्रमा देखिएको मुख्य समस्या हो । भन्सार विभागको तथ्याङ्कअनुसार फागुन मसान्तसम्ममा मुलुकले कूल रू नौ खर्ब २९ अर्ब ६० करोड ५२ लाख ५५ हजार बराबर व्यापार घाटा व्यहोरेको छ। कूल रू १० खर्ब ३० अर्ब २२ करोड २६ लाख बराबरको आयात हुँदा रू एक खर्ब ६१ करोड ७४ लाख बराबरको निर्यात भएको छ । गत आर्थिक वर्षको सोही अवधिको तुलनामा आयात दुई दशमलव ६६, निर्यात तीन दशमलव ९९ र व्यापार घाटा दुई दशमलव ५२ प्रतिशतले घटेको विभागले जनाएको छ।रासस

# नेपाल पर्यटन र लगानीको आकर्षक गन्तव्य




लुम्बिनी । विश्वका १९ मुलुकका राजदूत र नेपालका लागि ४५ देशका अवैतनिक वाणिज्यदूतले गौतमबुद्धको जन्मस्थल लुम्बिनीबाट समृद्धि र शान्तिको लागि योगदान गर्न आह्वान गरेका छन्।

परराष्ट्र मन्त्रालय र अवैतनिक वाणिज्यदूतहरुको संस्था अनररी कन्सुलर कर्प्स नेपाल (एचसिसीएन)द्वारा संयुक्तरुपमा यहाँ आयोजित सम्मेलनमा शान्ति बिना समृद्धि सम्भव नहुने भन्दै विश्वका सबैलाई समाजमा शान्ति कायम गर्नेतर्फ केन्द्रित हुन राजदूत र अवैतनिक वाणिज्यदूतले आह्वान गरेका हुन्।

'समृद्धिका लागि विश्व शान्ति' नाम दिइएको सो सम्मेलनका सहभागीले मायादेवी मन्दिर परिसरमा विश्व शान्तिका लागि प्रार्थना गर्दै भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनीबाट समृद्धिका लागि विश्वशान्ति अपरिहार्य भएको सन्देश पनि प्रवाह गरेका थिए। यसका साथै उनीहरुले नेपालमा वैदेशिक लगानी भित्र्याउन सरकारले वातावरण निर्माण गरिरहेको सन्देशसहित नेपालमा लगानीका लागि पनि उनीहरूले विश्वभर सन्देश प्रवाह गरेका एचसिसीएनका पदाधिकारीले बताएका छन्।

आयोजकहरुले लुम्बिनीबाट शान्तिको सन्देशका साथै नेपाललाई लगानीको गन्तव्यका रुपमा चिनाउन र आगामी महिना नेपाल सरकारले आयोजना गरेको लगानी सम्मेलनको वातावरण निर्माण गर्न यो कार्यक्रमको आयोजना गरिएको बताएअनुसार नेपालमा विदेशी लगानी भित्र्याउने अवसरका रुपमा पनि यस सम्मेलन फलदायी हुने अपेक्षा गरिएको छ।

धार्मिक एवं सांस्कृति पर्यटनका लागि लुम्बिनीको प्रचारप्रसार गर्न तथा नेपालमा विदेशी लगानी भित्र्याउनका लागि यहाँ लगानीको सहज वातावरण रहेको सन्देश प्रवाह गर्न लुम्बिनीमा विभिन्न देशका गैरआवासीय राजदूत र नेपालका लागि अवैतनिक वाणिज्यदूतहरूको सहभागितामा सो कन्क्लेभको आयोजना गरिएकाले यसै विषयमा लुम्बिनीमा तीन दिनसम्म छलफल गरिएको थियो।

आगामी महिना नेपाल सरकार, लगानी बोर्ड र उद्योग वाणिज्य महासङ्घसमेतको आयोजनामा नेपालमा लगानी सम्मेलनको आयोजना गरिएको छ । सो सम्मेलनका लागि नेपालमा बढीभन्दा बढी विदेशी लगानी भित्र्याउन यहाँ लगानीको वातावरण छ भन्ने सन्देश दिने काम यस तीन दिने सम्मेलनमा भएको आयोजकहरुले जनाएका छन्।

सम्मेलनको उद्घाटन गर्दै उपप्रधानमन्त्री एवं परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठले शान्ति, समृद्धि र आर्थिक विकासलगायतका विषयमा विदेशी पाहुनाहरुसँग छलफल गर्नुभएको थियो । उहाँले शान्ति र समृद्धि एकअर्काका पूरक हुन् भन्दै यसको सन्देश लुम्बिनीबाट नै अन्तर्राष्ट्रियस्तरमा पुग्नु महत्वपूर्ण हो भन्नुभएको थियो।

विभिन्न विषयका 'सेसन' आयोजना गरिएकामा 'बिजनेस सेसन' मा उहाँले विकासको गतिलाई थप अघि बढाउन शान्ति आवश्यक रहेको र लुम्बिनीले विश्वमा शान्तिको सन्देश दिने भएकाले यहाँबाट शान्ति र समृद्धिको सन्देश दिनु उचित रहेको बताउनुभयो।

"नेपालमा व्यापार व्यवसाय गर्ने धेरै क्षेत्रहरु छन्। ती क्षेत्रमा लगानीका लागि कुनै कानुन वा नीतिले अवरोध गरेको छ भने त्यसलाई पुनरावलोकन गर्न नेपाल सरकार तयार छ", उहाँले भन्नुभयो, "लगानीलाई प्रोत्साहन गर्न र आर्थिक विकासलाई गति दिन सरकारले लगानीकर्ताको सल्लाह र सुझावलाई गम्भीर रुपमा लिइरहेको छ ।"सरकार परिवर्तन हुनु भनेको नीतिमा परिवर्तन नभएको स्पष्ट गर्दै उहाँले भन्नुभयो, "म सबै राजदूत र कूटनीतिज्ञहरुलाई आ-आफ्नो देशमा नेपाल लगानीको राम्रो गन्तव्य भएको सन्देश फैलाउन आग्रह गर्दछु।"

नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष एवं एचसिसीएनका सहायक डिन चन्द्रप्रसाद ढकालले शान्ति र समृद्धिबीचको सम्बन्धको महत्वका बारेमा चर्चा गर्दै नेपालमा लगानीका लागि विश्व समुदायसँग आग्रह गर्नुभयो । अध्यक्ष ढकालले विश्व शान्तिको केन्द्र तथा भगवान् बुद्धको जन्मस्थल लुम्बिनीमा उभिएर शान्तिको सन्देश विश्वव्यापी फैलाउन र नेपालमा लगानीका अत्यधिक अवसरहरु रहेकाले ती अवसरको सदुपयोग गरी यहाँ लगानी गर्न कूटनीतिक समुदायमार्फत विश्वका लगानीकर्तासमक्ष आग्रह गर्नुभयो।

"शान्तिले आवश्यक स्थिरता प्रदान गर्दछ, शान्तिको अवस्थामा व्यवसाय तथा उद्यमहरू बिना कुनै डर स्वतन्त्रपूर्वक सञ्चालन हुँदा लगानीको वातावरण थप प्रवर्द्धन हुँदै उद्यमशीलता विस्तार हुन्छ र आर्थिक वृद्धिका लागि सबैभन्दा राम्रो वातावरण निर्माण हुन्छ", उहाँले भन्नुभयो, "लुम्बिनीबाट नेपालमा रहेको शान्त वातावरणको सन्देश विश्वभर पुर्याउँ र लगानीको वातावरणको उपयोग गरी नेपालमा थप लगानी भित्र्याउँ भनी विश्वका लगानीकर्ताहरुलाई म आह्वान गर्दछु।"

अध्यक्ष ढकालले नेपालमा आगामी महिना आयोजना गरिएको लगानी सम्मेलनमा बढीभन्दा बढी लगानीकर्ताहरुलाई सहभागी गराइ लगानी जुटाउन, आध्यात्मिक तथा साहसिक पर्यटन, जलविद्युत् तथा स्वच्छ ऊर्जा, कृषि प्रशोधन र सूचना प्रविधिका क्षेत्रमा बाह्य लगानीका लागि लगानीमैत्री वातावरण बनाउन सरकार र निजी क्षेत्रले मिलेर काम गरिरहेको पनि जानकारी दिनुभयो।

नेपाल लगानी बोर्डका प्रमुख सुशील भट्टले नेपालमा रहेका लगानीका अवसर र आसन्न लगानी सम्मेलनका बारेमा जानकारी गराउनुभएको थियो। उहाँले नेपालमा वैदेशिक लगानीका लागि राम्रो अवसर र सहज वातावरण रहेको बताउँदै लगानीकर्तालाई ढुक्कसँग नेपालमा लगानी ल्याएर आउन आह्वान गर्नुभयो। रासस


## Ganeshman Charnath Municipality
## The Office of The Municipal Executive
### Birendra Bazzar, Dhanusha
### Madhesh Province, Nepal

**Invitation for Electronic Bids**

**Bid Publication date: 2080-12-11**

1. The Office of the Municipal Executive, Ganeshman Charnath Municipality, Dhanusha invites electronic bids from eligible bidders for the Construction works under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations as mentioned in the table below.
2. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the office of the Ganeshman Charnath Municipality on or before 12:00 noon on 2080-12-26. Bids received after this deadline will be rejected.
3. Information to deposit the cost of bidding document :

   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.:** 0710086327900071
   **Rajaswa (revenue) Shirshak no. :** 14229
4. Bids shall be opened in presence of Bidders' representatives who choose to attend at 14:00 on 2080-12-26 at the office of Ganeshman Charnath Municipality, Birendrabazar, Dhanusha. Bids validity period and bid security amount should be as mentioned in Bid documents. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following Account :

   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.:** 0710086327900091 (Dharauti khata)

| S. N. | Contract Identificaiton No. | Description of Goods | Estimated Cost (without VAT & Contigencies) Nrs. | Bid Security Nrs. | Bid Price Nrs. |
|---|---|---|---|---|---|
| 1 | GCM/SQ/Goods/04/2080-81 | Procurement of Medicine | 48,63,532.53 | 1,22,000.00 | 1000.00 |

**Chief Administrative Officer**

# आवश्यक परे रेल थप्ने : मन्त्री महासेठ




**टुडे समाचारदाता**

जनकपुरधाम । उपप्रधान एवम् भौतिक पूर्वाधार तथा यातायातमन्त्री रघुवीर महासेठले यात्रुको चापलाई मध्यनजर गरेर आवश्यक परे रेलको संख्या थप्न सकिने बताएका छन् । जनकपुरधाम-जयनगर रेल्वे अनुगमन एवम् निरीक्षणका क्रममा शनिबार उनले सो कुरा बताएका छन् ।

मन्त्री महासेठले यात्रीको चाप बढी भएको कुरा आइरहेको भन्दै यात्रुहरूलाई मध्यनजर गरी रेल आवतजावत गर्ने समय थप्न सकिने बताए ।

उनले भारत सरकारको माध्यमबाट निर्माणको जिम्मा लिएका कम्पनीहरूसँग पनि कुरा गरेको उल्लेख गर्दै अब छिटो र छरितो रूपमा सेवा अघि बढाउने प्रतिबद्धता जनाए ।

“अहिले नेपाल सरकारले सेवाको भावनाबाट यो सञ्चालन गरेको छ । अब केही दिनपछि हामी अगाडि बढाउँछौँ । सधैँ घाटा लगाएर चलाउन गाह्रो हुन्छ । त्यसमा नेपाल सरकार खासगरी भौतिक पूर्वाधार मन्त्रालयले, रेल्वे विभागले त्यसबारेमा सबैको राय लिएर के गर्दा राम्रो हुन्छ, त्यो बाटो हामीले अपनाउनेछौँ ।,” उनले भने, “ यात्रीको चाप बढी भयो भन्ने छ, त्यो धेरै ठुलो समस्या होइन । यो रेलको समय थपेर धेरै पटक आवतजावत हेरेर बढाउनेछौँ । रेल पनि थप्नेछौँ, यदि यात्रुको चाप बढी भयो भने । यात्रुको चाप हेरेर केके सुविधा दिनुपर्छ, त्यो हामी गर्नेछौँ । सकभर यही आर्थिक मसान्तभित्र खानेपानी र शौचालयहरूको व्यवस्थाको प्रबन्ध हुनेछ । मालवाहकको लागि प्रक्रिया अघि बढाइसकेको छ ।”

मन्त्री महासेठले रेलसेवासँग सम्बन्धित आन्तरिक कमी कमजोरीहरूको सम्बोधन गर्ने बताए । उनले चालु आर्थिक मसान्तभित्र खानेपानी र शौचालयहरूको व्यवस्थाको प्रबन्ध गर्ने बताए ।

मन्त्री महासेठले भने, “ भारत सरकारले, खासगरी भारत सरकारको माध्यमबाट निर्माण लिएका कम्पनीहरूसँग पनि कुरा गरेका छौँ । अरू सबै ठिक छन्, केही समस्या छन्, केही अतिक्रमण भएका छन् । त्यो अतिक्रमण हटाउनलाई हाम्रो नेपाल सरकारसँग करा गर्छौं, नेपाल सरकारले भारत सरकारसँग कुरा गर्नेछ । स्थानीय तहमा जयनगरतिरका कुरामा त सरकारसरकारबिच कुराकानी हुन्छ, रेल्वे विभागका जिएम लगायतको यसलाई हटाउन, पहल गर्नुपर्नेछ । त्यसमा मैले निर्देशन दिइसकेको छु । हाम्रा आन्तरिक कमी कमजोरी छन् भने त्यसलाई छलफलबाट समाधान गर्नेछौँ । आम्दानी कम भयो, खर्च बढी भयो, त्यो स्वाभाविक छ ।”

मन्त्री महासेठले शनिबार जनकपुरधामदेखि जयनगरसम्म रेलमा यात्रा गरेरै अनुगमन एवम् निरीक्षण गरेका थिए ।

# मिथिलामा होली, सद्भावसँगै जोडिएको संस्कृति

**टुडे समाचारदाता**

काठमाण्डु । फागुन शुक्ल पक्षको पूर्णिमा तिथिका दिन होलिका दहन गरेसँगै होली मनाउने गरिन्छ । यद्यपि तराई भेगमा भने पूर्णिमाको दिन होलिका दहन गरे पनि भोलिपल्ट (प्रतिपदाको दिन) मात्र होली मनाउने गरिएको छ ।

बराह पुराणअनुसार पाटवास-विलासिनी अर्थात् पाउडर मिलेर बनेको खेलका रूपमा रहेको फागु पूर्णिमा सामाजिक सद्भाव र माधुर्यता झल्काउने असत्यमाथि सत्यको विजय भएको उपलक्ष्यमा मनाउने पर्व हो । असत्यको पक्षमा लागेकी होलिकाको दहन भएको स्मरणमा यो पर्व मनाउने गरिन्छ ।

मिथिला संस्कृतिमा पूर्णिमाका दिन जनकपुरधामलगायत देवालयमा विशेष मेला लाग्ने गर्छ । पूर्णिमाको दिन जनकपुरधामको परिक्रमा गरिने भएकाले मदिरा र मासु सेवन वर्जित हुन्छ । पूर्णिमाका दिन १५ दिने परिक्रमाको समापन गरिने हुँदा मिथिलावासी भोलिपल्ट होली मनाउने गर्छन् ।

मिथिला संस्कृतिमा वसन्त पञ्चमीको दिनदेखि डम्फ र मजिराका साथ होलीका गीत गाउने होलैता तयार हुन्छन् । यो क्रम फागु पूर्णिमाको भोलिसम्म चल्छ । पूर्णिमाको राति होलीका गीत (फागु) गाउँदै होलिका दहन गरिन्छ र भोलिपल्ट फागु मनाइन्छ । फागुका दिन रङ्ग तथा अबिर खेलेर बेलुका होलिका दहन गरिएको स्थानमा गएर खरानी उडाउँदै ‘जे जीवे से खेले फागु’ भन्दै त्यहाँबाट ‘चैतावर’ गीत (चैत महिनाको गीत) गाउँदै फर्किने गरिन्छ ।

पहिले पहिले गाउँघरमा दूध र मसलामिश्रित भाङ तयार हुन्थ्यो । होलैता समूहमा प्रत्येक टोलको मानिसहरू सहभागी हुन्थे र उनीहरू घरघरमा पुगेर होली गीत गाउने गर्थे । होलैतालाई भाङ, अबिर, पान र मसालेदार सुपारी प्रदान गरी बिदा गरिन्थ्यो । यद्यपि पछिल्लो समय यो संस्कृति बिस्तारै लोपोन्मुख छ । ‘परदेशीया ल धोतिया रङ्गावे गोरिया’, ‘हो रङ्गावे गोरिया..’, ‘जमुना तट श्याम खेलैय होरी’, ‘किनकर हाथ अबिर झोरी..’ लगायत गीत अहिले विरलै सुनिन्छन् ।



सामाजिक सद्भाव, सांस्कृतिक एवम् ऐतिहासिक पर्व फागुको मौलिकतालाई गम्भीरतापूर्वक नलिएकाले अहिलेको होलीमा सङ्कीर्णता छाएको आभाष हुन्छ । होलीको मिथिला संस्कृति लोप हुनुमा सहरिया र आयात संस्कृति हाबी भएको धीरेन्द्र प्रेमर्षिले बताए । रमझम मात्रमा सीमित हुँदा युवाले मिथिलामा मौलिक संस्कृतिलाई विस्तारै भुलिरहेको उनको बुझाइ छ ।

“पहिला गाउँमा रातपरेपछि गाउँ बुढापाका एकत्रित भई झ्याल, मृदङ्ग, ढोल लिएर समूहगत रुपमा होली गीत गाउने गर्थ्यो, अहिले त्यो समय कहाँ रह्यो र ?, गाउँका अधिकांश युवा कामका लागि विदेशमा गएका छन्, बाँकी रहेका बुढापाकाले कहिलेकाहीँ मात्र जोगिरा गाउने गरेका छन्, सांस्कृतिक दृष्टिकोणले अति महत्वपूर्ण रहेको होली पर्वले सबै जातजातिलाई प्रभाव पारेको छ तर यसको रौनकता नै समाप्त भएर जान लागेको भान भइरहेको छ”, साहित्यकार प्रेमर्षिले भने ।

मिथिला संस्कृतिमा वसन्त पञ्चमीको दिनदेखि डम्फ र मजीराका साथ होलैताले होलीका गीत गाउने क्रम फागुन पूर्णिमाको भोलिसम्म चल्छ । “यो संस्कृति पुस्तान्तरण भएन, किनकि माओवादी युद्धको समयमा रातमा होलैताले गीत गाउन सकेनन्”, मैथिली संस्कृतिका जानकार देवता झाले भनिन, “होलीमा गाइने गीतसँगै संस्कृति नयाँ पुस्तामा नआउँदा अहिले होलौता भेटिँदैनन्, नयाँ पुस्ता संस्कृतिसँग बेखबर छन्, गाइने गीत पनि कहाँ सुरु हुन्छन्, कहाँ अन्त्य हुन्छन् ? बुझ्न मुस्किल छ ।”

मिथिला नाट्यकला परिषद्ले होलीको अवसरमा पूर्वसन्ध्यामा आयोजना गर्ने दुईदिने होली महोत्सवको पहिलो दिन फागु गीत प्रतियोगिता तथा दोस्रो दिन महामूर्ख सम्मेलनको आयोजन गरिन्छ । महामूर्ख हुनेलाई समाजमा उच्च व्यक्तित्व मानिन्छ । विभूषित गरिने उपाधि महामूर्ख, पटमूर्ख, चौपटट्मूर्ख, मूर्खानन्द र मूर्खाधीशलगायत छन् । विभूषित हुनेलाई काउली, फर्सी, खुर्सानी, आलुलगायत विभिन्न तरकारीको माला लगाइने गरिन्छ । अन्य बेला महामूर्खभन्दा रिसाउने होलीका अवसरमा त्यस्ता विभूषण पाएर दङ्ग पर्छन् ।

अझै पनि मिथिलाका पुराना मानिस संस्कृतिलाई अगाडि बढाउन तत्पर छन् । यद्यपि नयाँ पुस्ताले गाउँ छोड्ने, सहरिया संस्कृतिमा रमाउने प्रचलन बढ्दै जाँदा पछिल्लो समय होलैताको संख्या त घटेको छ नै यो संस्कृति पुस्तान्तरण हुन् पनि सकेको छैन । यो संस्कृतिलाई अगाडि बढाउन सङ्घसंस्थाले गरेको प्रयास युवा अग्रसर नभए विफल नै रहन्छ । मिथिलामा होली भनेपछि रङ्ग लगाउने मात्र नभई यसको छुट्टै संस्कृति छ भन्ने नयाँ पुस्तालाई बुझाउन जरुरी छ ।

# ‘घृणालाई प्रेममा बदल्ने पर्व होली’

**टुडे समाचारदाता**

सिरहा । नेकपा (माओवादी केन्द्र) का उपमहासचिव एवम् पूर्व मन्त्री मातृकाप्रसाद यादवले घृणालाई प्रेममा बदल्ने होली पर्व सबै मिलेर मनाउन हराउँदै जान थालेको डम्फा बजाउन आग्रह गरेका छन् । मिर्चैया नगरपालिकाले आयोजना गरेको होली मिलन कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा यस्तो बताए ।



मधेशी समाजमा राजनीति सामाजिक वा अन्य कारणले उत्पन्न घृणालाई प्रेममा बदल्न होली पर्व मनाउन आवश्यक रहेको नेता यादको भनाइ छ । उनले भने, “वर्ष भरिको दुस्मनी र वैमनस्यता लगायतका घृणाहरूलाई प्रेममा बदल्न मिर्चैया नगरपालिकाले होली मिलन कार्यक्रम आयोजना गरेर सकारात्मक सन्देश प्रवाह गरेको छ । अन्य पालिकाहरूले समेत यस्तै प्रकृतिको कार्यक्रम आयोजना गर्न आवश्यक छ ।”

मिर्चैया नगरपालिकाको नगरप्रमुख श्रवणकुमार यादवले दोस्रो कार्यकालका लागि निर्वाचित भएपछि रचनात्मक र सृजनात्मक कार्य गरिरहँदा अनावश्यक लफडा खडा गर्न नहुने उपमहासचिव यादवले आग्रह गरे । ‘मिचैया नगरपालिका सम्भावना बोकेको नगरपालिका हो । ग्रामीण भेगलाई सहरसँग जोडेर जनपक्षी काम गरेर शिक्षा स्वास्थ्य र कृषिमा सन्तोषजनक कार्य गर्नुको साथै स्थानीय तह वित्तीय जोखिम मूल्याङ्कनमा ८६ अङ्क ल्याएर मधेश प्रदेशमा पहिलो स्थान ल्याएको छ । होली पर्वको अवसरमा विचार नमिले पनि विकासका लागि मिलेर अघि बढ्ने प्रण गर्नुपर्ने उपमहासचिव यादवले बताए ।

कार्यक्रममा नेकपा माओवादी केन्द्रका मधेश प्रदेशका सह-इन्चार्ज तथा पूर्व शान्ति तथा पुन निर्माणमन्त्री विश्वनाथ साहले होलीको हराउँदै गइरहेको मौलिकतालाई फेरि पुर्नजीवन दिइने कार्यमा मिर्चैया नगरपालिकाले थालेको प्रयास सन्देशमूलक रहेको बताए । उनले थपे “असत्यमाथि सत्यको विजय भएको उत्सवमा मनाउने पर्व होलीको मौलिकता र महत्त्व सदा रहिरहने छ । होली पर्वको अवसरमा आपसी विवाद बिर्सेर सामाजिक सदभाव र एकताको प्रण गर्न आवश्यक छ । देशको हितमा अहिले सत्ता गठबन्धन बनेको छ । यो गठबन्धन चार वर्ष नै चल्नेछ ।”

पूर्व शिक्षा विज्ञान तथा प्रविधि मन्त्री बोधमाया यादवले मधेशमा रहेको दाइजोप्रथा र सामाजिक कुरीति हटाउनका लागि क्रान्तिकारी होली जोगिरको माध्यमबाट चेतना शिक्षा दिनुपर्ने तर्क गरे ।

सिरहा जिल्ला समन्वय समिति सिरहाका पूर्वप्रमुख रामचन्द्र ठाकुरले मधेशी समाजमा बढेको घृणाका कारण सामाजिक विकृति बढिरहेकाले घृणालाई मधेशको बलान कमला रबागमतिमा बगाएर एकता सदभावको माहौल बनाउन जोडदिए ।

कार्यक्रममा मिथिलाका प्रख्यात गायक कलाकार ललित कामतको समूहले बिचबिचमा होलीको जोगिरा गीत गाएर होलीको माहौल सृजना गरेका थिए । मिर्चैया नगरपालिकाको विकास निकासका लागि नगरपालिकाका विपक्षी राजनीति दलहरू र आफ्नै दल नेकपा माओवादीको नेताहरूले समेत खुट्टातान्ने काम गरे पनि कर्मचारी र स्थानीय जनताहरूको सहयोग साथ पाएर सफल भइरहेको नगरप्रमुख श्रवणकुमार यादवले भन्दै होली पर्वको अवसरमा सबैसँग मिलेर अघि बढ्न होली पर्वको अवसरमा होली मिलन आयोजना गरेको बताए । कार्यक्रममा संविधान सभाका पूर्व सदस्य जगत् यादव र मधेश प्रदेशसभाका सदस्य कञ्चन विच्छाले शुभकामना व्यक्त गरेका थिए ।

# श्रीमान-श्रीमतीको एकसाथ दाहसंस्कार

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको भारतीय सीमावर्ती विष्णु गाउँपालिका स्थित वाराउद्योरण गाउँमा श्रीमान र श्रीमतीको एकसाथ दाहसंस्कार गरिएको छ ।

श्रीमान ललन सिंहको शव देख्ने वितिकै श्रीमती संगिता सिंहलाई हर्टअट्याक भएको र उपचारका क्रममा उनको पनि मृत्यु भएको छ । बुबाआमाको एकसाथ मृत्यु भएपछि २ छोरी र एक छोराको भने विचल्ली भएको छ । नेपाली कांग्रेस महासमिति सदस्य समेत रहेका स्थानीय अजित सिंहका अनुसार घटना गत बुधबारको हो ।

महिना दिनअघि एक्कासी ‘बमिट’ सँगै पेट समेत दुःखेपछि ५० वर्षीय ललन उपचारका लागि सितामाढी पुगेका थिए । डा. सुनिल सिंहले आन्द्राको शल्यक्रिया गर्नुपर्ने भनेपछि सोही अनुसार उपचार गराए पनि एकसाता अघि फेरि ललनको पेट दुख्यो । फेरि पेट दुख्यो भन्दै पूराना चिकित्सककोमा पुग्दा डा. सिंहले दोहोर्‍याएर शल्यक्रिया गरे । शल्यक्रिया पश्चात अस्पतालमै ‘बेडरेष्ट’ गरिरहेका ललनसँग उनकी श्रीमती संगिता पनि थिईन् ।

कांग्रेस नेता सिंहका अनुसार तर गत मंगलबार राति अस्पतालमै ललनको मृत्यु भयो । अनि अस्पतालले एम्बुलेन्समा हालेर ललनको शव वाराउद्योरण पठायो र संगितालाई श्रीमानलाई घर पठाईसकिएको खबर गर्यो । संगिता पनि श्रीमानलाई ठिक भएर पठाईएको होला भन्ठान्दै टेम्पो चढेर बुधबार बिहान ४ बजेतिर घर आईपुगिन् ।

घर आईपुगेपछि उपचार पश्चात ठिक भयो होला भन्ठानेकी श्रीमानको शव देखेपछि एक्कासी ४५ वर्षीया संगितालाई हर्टअट्याक भयो । तत्काल नजिकै भारतको मेजरगंज स्थित अस्पतालमा पुर्‍याउँदा चिकित्सकले संगितालाई पनि मृत घोषणा गरेको सिंहले बताए ।

बुधबार स्थानीय बासिन्दाले नगद सहयोग संकलन गरेर श्रीमान-श्रीमतीको एकैठाउँमा दाहसंस्कार गरेका छन् । ‘उपचार गराउँदा गराउँदै र दुईवटी छोरीको विवाह गर्दा उनिहरको ऋण पनि निकै रहेछ’, सिंहले भने, ‘आर्थिक अवस्था निकै कमजोर भएकाले हामी गाउँलेले आर्थिक सहयोग संकलन गरेर दाउरा लगायत आवश्यक सामानहरु किनेर दुवैजनाको एकै ठाउँमा दाहसंस्कार गर्यौं ।’ आम्दानीको कुनै बाटो नभएको र ऋण पनि थुप्रै भएको अवस्थामा एकमात्र सहारा श्रीमानको पनि मृत्यु भएपछि संगितालाई हर्टअट्याक भएको हुनसक्ने स्थानीयले अनुमान गरेका छन् ।

महिनावारीको समयमा ध्यान दिऔं

- नियमित रुपमा नुहाउने, लगाएको कपडा फेर्ने र साबुन पानीले बेला-बेलामा हात धुने गरौं ,
- स्यानिटरी प्याड वा साफा र नरम खालको सुती अथवा कटनको कपडा को प्रयोग गरौं,
- कम्तीमा ४ देखि ६ घण्टाको फरकमा स्यानिटरी प्याड वा प्रयोग गरेको कपडा फेरौं,
- प्रयोग गरेका कपडाहरु धोए पछि घाममा राम्रोसँग सुकाएर मात्र पुनःप्रयोग गरौं ,
- सामान्य शारिरीक व्यायाम गरौं,
- गेडागुडी, माछा, मासु, मौसम अनुसारको फलफूल तथा हरियो सागसब्जी र प्रशस्तमात्रामा पानीलगायत झोलिलो खानेकुरा खाऔं,

सरसफाईमा विशेष ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# वैरिया मेला महोत्सव सुरु

**टुडे समाचारदाता**

गौर । अङ्ग्रेज सेनालाई युद्धमा हराएको सम्झनामा रौतहटको ऐतिहासिक भूमि समनपुरमा फागु वैरिया मेला महोत्सव सुरु भएको छ । अङ्ग्रेज युद्धसँग सम्बन्धित रहेको जिल्लाको गढीमाई नगरपालिका १ समनपुरमा प्रत्येक वर्ष लाग्दै आएको ऐतिहासिक फागु वैरिया मेला महोत्सव सुरु भएको छ । कार्यक्रमका प्रमुख अतिथि रौतहट निर्वाचन क्षेत्र ४ का सङ्घीय सांसद देव प्रसाद तिमल्सिनाले एक कार्यक्रमका बीच समनपुर फागु वैरिया मेला महोत्सवको उद्घाटन गरेका थिए ।



महोत्सव उद्घाटन सत्रमा जनप्रतिनिधिको साथै नेपाली सेनाका उच्चपदस्थ अधिकारीहरूको उपस्थिति रहेको थियो । उद्घाटन समारोहमा प्रदेश सांसद तथा राज्यमन्त्री अबुल कलाम आजाद,मेयर यादव, बिरदल गण गौरका प्रमुख कर्णेल गङ्गा बहादुर बिष्ट,उपमेयर, वडा अध्यक्षहरू लगायतको उपस्थिति रहेको थियो।

शुक्रवार देखि सुरु भएको मेला ५ दिनसम्म अर्थात होली पर्वको भोलिपल्टसम्म लाग्ने बताइएको छ । कुनै समय नेपाल र अङ्ग्रेजबिच भएको युद्धमा समनपुरवासीले अङ्ग्रेजलाई परास्त गरेको सम्झनामा समनपुरमा प्रत्येक वर्ष यसै समयमा मेला लाग्दै आएको छ । सोही समय देखि समनपुरलाई लडईया समनपुर समेत भन्ने गरिन्छ।

सन् १८१४-१६ मा नेपाल-अङ्ग्रेजबीच भएको युद्धमा स्थानीय समनपुरबासीले अङ्ग्रेजलाई धपाएको थियो भने धेरै हातहतियार समेत खोसेको इतिहास छ । सोही घटनाको सम्झनामा बर्सेनि लाग्ने समनपुरमा लाग्ने मेलामा विभिन्न गाउँ र सर्लाही जिल्लाबाट सर्वसाधारण पुग्ने गरेका छन् ।

सर्लाही र रौतहटका विभिन्न गाउँबाट हजारौं पसले तथा विभिन्न खेलतमासा मेलामा पुगेका छन् । होलीका सरसामान किन्नेहरूका लागि मेला पहिलो रोजाइमा पर्ने देखिएको छ । मेलामा होलीका लागि अत्यावश्यक सरसामान किन्नुपर्ने भएकाले मेलामा आउनेहरूको संख्यामा वृद्धि भएको एक जना वडा अध्यक्ष दीपेन्द्र श्रेष्ठले बताएका छन् ।

आमंत्रण

रौनियार सेवा समिति, जनकपुरधाम-४ द्वारा प्रत्येक वर्ष झै यस वर्ष पनि बडो हर्षोल्लासका साथ ‘होली मिलन समारोह’ तपसिल अनुसार मिति र स्थानमा सु-सम्पन्न हुन लागेकोले उक्त अवसरमा रौनियार स-परिवारको गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध छ ।

तपसिल
मिति :- २०८०/१२/११ गते आइतबार
भोज :- बेलुका ३ बजे देखि
स्थान :- रौनियार सेवा समिति, जनकपुरधाम-४
फोन नं. ०४१- ५९०७३०, मो. ९७६९८००६३०

रामबाबु गुप्ता
महासचिव

रामप्रताप गुप्ता
अध्यक्ष

रौनियार सेवा समिति परिवार
रौनियार युवा मंच परिवार

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८